REFERENCE

# प्राचीन नेपाल

# ANCIENT NEPAL

संख्या १६६
माघ २०६४

Number 166
January 2008

सम्पादक मण्डल
प्रधान सम्पादक
कोशप्रसाद आचार्य
सम्पादक
विष्णुराज कार्की
राजेश माथेमा
श्यामसुन्दर राजवंशी

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editor
**Bishnu Raj Karki**
**Rajesh Mathema**
**Shyam Sunder Rajbanshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section


**Reconnaissance of caves in Upper Lo Mustang-**

*Prakash Darnal* .................................................. *1-31*


## नेपाल खण्ड
## Nepali Section


नेपालको किल्ला वास्तुकलाको अध्ययनका क्रममा बैतडीको कुल्लीकोट दरबार :

***लोकनाथ दुलाल*** .................................................. ३२-४८

सुब्बा' राणाकालको आरम्भका निजामती कर्मचारी

***डा. भवेश्वर पंगेनी*** .................................................. ४९-६०

# RECONNAISSANCE OF CAVES IN UPPER LO MUSTANG

- *Prakash Darnal*

### *Prelude*

Lo-Mustang has been no more a strange place for me. As a conservator archaeologist, I had been to Lomanthang so many times before. But even then when Mr. Brot Coburn proposed me to visit upper Mustang to explore Mustang caves, I was thrilled with an untold excitement. To work as a liasion officer with an expedition team is not an easy job. Liasion officers are generally blamed for not accompanying the expedition team up to the place where they are destined to . Since travelling has been my hobby and a thing of interest, I was delighted to know that I have been deputed as a liaison officer to the Kanchanjangha expedition team in 5th April, 2006 by the Ministry of culture, Tourism and Civil Aviation. I was happy to know that I was going to be a part of that expedition team but I was extremely hurt when I came to know that the team leader of the expedition Mr. Norbert Joos and Jangbu Sherpa of Himalayan High Country Treks and Expedition (P.) Ltd. denied to allow me to accompany the team up to the base camp and rather asked me to stay at Ghunsa. As I was told I spent my night at Ghunsa shivering in a chilling cold.

### *Background*

Lo Mustang is the most potential archaeological site in Nepal having abundant archaeological evidences. It is located at an altitude of 3750 m. in the Trans Himalayan route and has a semi arid climate. It is rich in indigenous biodiversity and its cultural heritages. Organic sample found in cave system D revealed that cave settlement in Muktinath valley might have been started more than 4000 B.C. * Petroglyphs study carried out in Kak-nyingba, Samar and Te proved to be the settlements of Neolithic period. Likewise, cave study in Lower Mustang undertaken by the Department of Archaeology and University of Cologne, Germany found here the cultural evidences of 8th century B.C. The history of Lo Mustang is connected to the early history of Nyari (West Tibet). Padmasambhav, who introduced Buddhism in Tibet, had built Loghekar Monastery in the 8th cent. A.D., earlier to the establishment of Samya Monastery of Tibet (787 A.D.). Amapal was the first king of Lomanthang, who had built four storeyed palace and a boundary wall around the settlement of Lomanthang in 1440 A.D. His son, Agoyan Sangpo had built Jhyampa Monastery in 1447 A.D. (P.No.1) and his grandson Tashi

*Dr. Dieter Schuh, *Introduction*, Ancient Nepal, No. 130-133, June-January 1992-93 DoA, Kathmandu

Goyan had built Thubchen Monastery in 1512 A.D. (P.No. 2,3,4). Jumla often subdued Lo Mustang untill it was annexed to Gorkha kingdom in 1789 A.D. and became an intergral part of Nepal. King Jigme Palbar Bista is the 21st descendent of the first king Amapal. Lo Mustang is well known for its north south route (famous as the salt trade route before 1950 A.D.) which linked Tibet and India.

### *Significance*

Lo Mustang has been evolved as an important repository of Tibetan Buddhism through the centuries. The Walled city of Lomanthang, Namgyal, Lo-ghekar, Charang Monasteries, Palaces of Lomanthang and Charang, Monasteries of Ghami and Ghiling, caves of Chungsi and Luri, 305 m. long Mane wall and group of Tangya chortens are the outstanding.

Whoever has visited Lo Mustang must have noticed group of caves at Tangbay, Chuksang, Chaile, Samar, Tamagaon, Ghami, Dhakmar, Charang, Lomanthang, Choser, Yara Ghara and Tangya. The team which explored the caves,consisted of Peter Athans, Liesel, Luigi Fieni, Brot Coburn, Renan Ozturk, Karl, Temba Sherpa, Sukra Sagar Shrestha, Sanat Neupane and me.

During the trip since 15th March to 3rd April 2007, we could get an opportunity to see not only the new murals and Kabung (cave chorten) in the caves but also enjoyed scenic beauty of the place covered by snow (See map of Lo Mustang).

On 22nd March, eight people of Dhi disputed with Mr. Renan, a climber, when we were approaching near the cave of Charang river confluence. He could reach there after his three day's effort. What they argued was that the land belonged to them and nobody was allowed to do anything without their consent. Later, the Dhi group allowed us to explore the cave when our team agreed to pay them some extortion money. No human activities could be noticed there when the cave was explored.

### *1. Mandala Cave*

This cave is located in Choser V.D.C. ward no. 2 (P.No. 5). It is in the same range of Nyphu Monastery Mountain, about half an hour away to the north side. There are four ruined Chortens in front of the caves. It is of two storeys. Its upper storey has sixteen Mandala painted on its ceiling. The largest is of 7'3" diameter (P.No.6). The painting on its north, east and west side walls were heavily eroded, so could not be indentified. There is a room next to this Mandala, where the paintings of Buddha and Tibetan script inscribed on the wall were found (P.No. 7).

### *2. Phodaling Cave (Goije Phu)*

It is in Goije Tha, Ward No. 8, Choser V.D.C. (P.No. 8) which is at a distance of three and half an hour's horse riding from the Lomanthang (P.No. 9). This cave has around 70 paintings including 3 panels, each having 19 miniature paintings totaling 56. Altogether there are 70 paintings in this cave room. The paintings depicted palm tree, monkey and woman reminiscent of the painting of Ajanta cave of India (P.No. 10, 11). Some of the painting like Ejaculation (P.No. 12) could be unusual for reseracher but the depiction of music instruments (P.No. 13) in them are remarkable. The cave is one of the most important finding for mural painting which is definitely oldest amongst the ever known mural paintings found in Lo Mustang. Tibetan scripts are found inscribed under each of the panel.

### *3. Chukumau Dhakpu Cave*

This cave is located in Chukumarpo village, ward no. 3, Choser on the way to Phodaling cave while passing the trail of Samjung stream (P.No. 14). Caves are found on the right hand side of it. It is three storeyed cave. Several folios of manuscripts

along with golden manuscripts (P.No. 15) are found scattered in a corner of the cave. A stone with Tibetan script and terracotta Head of Buddha, (P.No. 16) have also been found here.

### 4. Shaka Phu Cave

It is in Nyanol village, ward no. 8, Choser V.D.C., across the Nyanol river (P.No. 17). The cave is now inaccessible. There is a dilapidated Kabung inside the cave which is eroded from the pinnacle to its pedestal (P.No. 18). On its west side pedestal of Chorten has a depiction of flag. Likewise, Kuber, fish and conch are also depicted on its north side whereas, endless knot and wheel can be seen on its east side pedestal. The cave's east wall has paintings of Buddha, Monk and Vajrasatwa (P.No. 19).

### 5. Marchung Cave

There is a hot water spring at about 30 minutes distance from Lomanthang. This cave is situated between the hot water spring and the Samjung stream on the left bank of the river (P.No. 20). Its bottom part is used as a corral for rearing sheep. The upper part of it is inaccessible. The cave is four storeyed. It has wall paintings of Yamantaka and five Vajrayogini (P.No. 21). Besides, liner sketches of four figures a diagnostic rim potsherd and numerous folios of Tibetan scripts have been found scattered here.

### 6. Tashe Kabung

When passing from Yara village to Luri through the Luri stream at a distance of half an hour's journey by horse, a runied Chorten on left side of a cliff is visible (P.No. 22). Above this Chorten, there is a cave which is also inaccessible. Mary Slusser and Lila Bishop have published in an article "Another Luri, A Newly Discovered cave Chorten in Mustang, Nepal" in "Orientation, Feb. 99".

The Chorten of this cave has been eroded on its east side from pinnacle to womb (P.No. 23). It has an octagonal plinth where eight auspicious symbols and four deities of directions have been depicted. The west wall of the cave has paintings of Khadcheri and a Monk (P.No. 24). The ceiling of cave Chorten is also painted with eight auspicious symbols. Five different types of script's folios were scattered on its north-east corner. A fragmented rim of potsherd also has been noticed.

### 7. Luri cave

It is located just half an hour's walk ahead of Tashe Kabung and is the only cave Chorten accessible in Lo Mustang (P.No. 25). It is in Surkhang V.D.C. ward no. 6 of Ghara village. This Kabung is renowned for its intact and beautiful paintings dated 13th – 14th century A.D. (P.No. 26). Its pedestal has a depiction of eight auspicious symbols along with four deities of direction. The womb containg painting of Namgyal, Khadcheri, Vajrasatwa and Lokeswor on east, west, north and south respectively. The west wall of the cave has Lama, Buddha with Sariputra, Moudgalyan, Vajradhar, Vajrasatwa and Khadagajogini (P.No. 27). Likewise, eight painting of siddhas and Mandals in the centre is beautifully painted above the ceiling of the Chorten.

### 8. Tangya Kabung

Tangya village is in Surkhang V.D.C. ward no. 7/8. It is famous for having groups of Chortens and numerous caves. This Kabung was discovered in a cliff nearly 15 minute far from the village. It is well preserved and intact also. But no paintings are found from the caves except a good conditioned Chorten with an inscription inscribed in Ranjana script on its pedestal (P.No. 28).

### 9. Charang Cave

Charang is another important historical and religious place after Lomanthang. Its palace,

monastery and Chortens are very remarkable. There are caves on the northern and Eastern side of Charang. The caves on eastern side have altogether thirty-three rooms (P.No. 29). No artefact has been reported from here except some sign of Swastika depicted (P.No. 30) on its wall.

### *10. Dhakmar Cave*

This famous red cliff is believed to be reddened with the spilled blood of a demoness killed by Guru Padma Sambhava. It is called Dhakmar which is in Ghami V.D.C. near the house of the King of Lomanthang (P.No. 31,32). No script and painting was found here except few rooms. A piece of wooden sample was also collected from here for dendochronology test.

### *11. Chili Phu*

Ghami caves, also known as Chili Phu can be seen across the Ghami River from all the roof tops of the houses in Ghami ( P.No. 33), It is eight storeyed cave consisting many rooms. Impression of rope and sketch of monastery has also been found which is quite interesting (P.No. 34).

### *12. Tama Gaon Cave*

This is situated on the west side of Tama Gaon, (Ghiling Village) across a small stream (P.No. 35). Its entrance can be identified by its plinth made of stone and a red color paintings of its façade. It has many levels with sketches of Chortens and Ranjana script (P.No. 36) engraved on its inner wall.

### *13. Kabung near Gonpa Kang*

Gonpa Kang monastery is one of the important monasteries located on the right bank of Kali Gandaki river in Chhuksang V.D.C. ward no. 3. The Kabung is thirty minutes walk from the monastery (P.No. 37), It is in an almost ruined condition. Its base is 8 x 8 ft. and height is 9'6" (P.No. 39). The most interesting findings of the cave is the paintings of four women (P.No. 38).

### *14. Rock Engraving*


The rock engraving of Samar (P.No. 40 & 41, Syapchi) and Kak-Nyingba (P.No. 42, Yeklebhatti) have symbols of anthropomorphic figures, blue sheep, hoof-print, serpent and sun disk. Further study is needed to date these engravings.


### *Epilogue*

Caves of Upper Lo Mustang were explored for the first time with the approval of Department of Archaeology. However, Lower Mustang's caves had been studied by Cologne University and Department of Archaeology during 1990-1995 A.D. The team could explore only few caves but there are hundred of caves still waiting to be explored and investigated. Among those caves, Goije Phu (Phodaling cave) has been the most promising cave with more than 70 wall paintigns reminiscent of Ajanta cave wall painting of India. However, the dates of these are much later than Gupta period. The cave of Mandala certainly confirms earlier date than Mandalas of Jhyampa monastery which contains more than hundred Mandalas. The Lenza (decorative line) found in the cave (ahead of Sumda Chorten towards Lomanthang) was not reported else where till date (P.No. 43).

People of Lo Mustang assumes that there are seven (some says nine) Kabungs, of which yet the five could been discovered. But Luri Kabung is very famous for this painting dated $13^{th}$-$14^{th}$ century A.D. Rest of the caves like Marchung, Tama Gaon, Chukumau Dhakpu, Chili Phu, Charang and Dhakmar are also important for their wonderful architectural design and paintings. It was our initial endeavour and reconnaissance to them, We hope the concerned authority would pay attention to conserve, explore and excavate these caves for collecting further facts and evidences.

## Map of Lo Mustang





1. Wall Painting of Jhyampa




2. Buddha of Thubchen




3. Wall painting of Thubchen




4. Wall painting of Thubchen




5. Mandala Cave



6.Mandala on Ceiling


7.Mandala Cave


8. Phodaling Cave



9. Phodaling Cave



10. Painting of Phodaling



11. Painting of Phodaling




12. Painting of Phodaling



13. Painting of Phodaling



14.Chukumau Dhakpu Cave



15. Folio from Chukumau Dhakpu cave



16. Buddha head of Chukumau Dhakpu cave




17.Shaka Phu cave



18. Kabung of Shaka Phu




19.Painting of Shaka Phu cave




20. Marchung Cave



21. Painting of Marchung cave




22. Cave of Tashe Kabung



23. Tashe Kabung



24. Painting of Tashe Kabung




25. Luri Cave




26.Kabung of Luri Cave



27. Painting of Luri Cave




28. Tangya kabung




29. Charang Cave




30. Painting of Charang cave




31. Dhakmar Cave



32. Dhakmar cave




33. Chili Phu



34. Painting of Chili Phu



35. Tama gaon Cave



36. Painting of Tama gaon cave



37.Cave near Gonpa Kang



38. Painting of cave near Gonpa Kang



39. Kabung near Gonpa Kang




40. Rock engrave of Samar



41. Rock engrave of Samar



42. Rock engrave in Kak Nyingba



43. decorative line found in cave

# नेपालको किल्ला वास्तुकलाको अध्ययनका क्रममा बैतडीको कुल्लीकोट दरबार :

एक चर्चा

- लोकनाथ दुलाल

## १. पृष्ठभूमि

बैतडी जिल्लामा रहेका विभिन्न पुरातात्त्विक एवम् ऐतिहासिक स्मारकहरूमध्ये दशरथ चन्द नगरपालिका वडा नं. १ मा अवस्थित कुल्लेकोट दरबार खण्डहरको समीक्षा यस लेखमा प्रस्तुत गरिएको छ । यस स्तम्भका लागि आवश्यक पर्ने द्वितीय स्रोत विशेष गरी डिल्लीराज शर्माको नेपालको किल्ला वास्तुकला, पश्चिम नेपालको मूर्तिकला एवम् वास्तुकला, डा. सूर्यमणि अधिकारीको पश्चिम नेपालको ऐतिहासिक अन्वेषण 'The Khases Kingdom' मोहनप्रसाद खनालको पश्चिम नेपालको मूर्ति र स्थापत्य, राजाराम सुवेदीको "बाईसी राज्यको ऐतिहासिक रूपरेखा" जस्ता ग्रन्थबाट सङ्कलन भएका छन् । यस्तै गरी खोजी नेपाल संस्थाले तत्कालीन श्री ५ को सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संस्कृति संरक्षण एवम् प्रबर्द्धन महाशाखामा प्रस्तुत गरेको बैतडी, डडेलधुरा, दैलेख, एवम् जाजरकोट जिल्लाका परम्परागत रीतिरिवाज, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, एवम् पर्यटकीय महत्त्वका स्थलहरूको सर्वेक्षण सम्बन्धी अध्ययन प्रतिवेदन, लोकनाथ दुलालको शिखर वास्तुशैलीका उत्कृष्ट नमुना बैतडी देवलहाटका देवलहरू (प्राचीन नेपाल, सङ्ख्या १५८, २०६१) लेख, रामनिवास पाण्डेका Making of Modern Nepal जस्ता ग्रन्थहरूबाट समेत केही आवश्यक द्वितीय सूचनाहरू सङ्कलन गरिएको हो । यद्यपि यस अनुसन्धानको मूल आधार प्राथमिक स्रोत नै हो २०५८ र २०६१ मा गरी लगभग २० दिनको बैतडी जिल्लाको स्थलगत भ्रमणका क्रममा अवलोकनका साथै तत्कालीन जिल्ला विकास समितिका का.वा. सभापति परमानन्द भट्ट, जि.वि.स. सदस्य माया भट्ट, श्री कृष्ण भट्ट अध्यक्ष श्री केदारनाथ गा.वि.स., श्री नारायण चन्द दशरथ चन्द नगरपालिका वडा नं. १, श्रीमती शान्ति चन्द द.च.नं. वडा नं. १, लालसिंह मौनी, केदारसिं मौनी, गोपाल सिंह थापा वडा नं. ९, जस्ता महानुभावहरूको साक्षात्कारबाट समेत आवश्यक पर्ने प्राथमिक सूचनाहरू सङ्कलनमा आएका हुन् । अत: यो लेख मूलत: उक्त समयमा गरिएको स्थलगत भ्रमणका आधारमा तयार पारिएको हो ।

## २. विषयप्रवेश

पश्चिम नेपाल राजनीतिक इतिहासमा भन्दा कला वास्तुकला धर्म संस्कृति र साहित्यका क्षेत्रमा अति महत्त्वपूर्ण मानिन्छ । नेपालको लगभग आधाआधी भू-भाग राप्ती, भेरी, सेती, कर्णाली र महाकाली अञ्चलले ओगटेको छ । जुन क्षेत्रलाई नेपालको पश्चिमी क्षेत्रका रूपमा चिनिन्छ । यस क्षेत्रमा मध्यकालमा ठूलो सङ्ख्यामा मठमन्दिर, पाटीपौवा, किल्लाकोट, दरबारहरू निर्माण गरिएका थिए । यस्ता कला तथा वास्तुकलाका नमुनाहरू खासगरी बैतडी, डडेलधुरा, दार्चुला, डोटी, बझाङ्ग, बाजुरा, अछाम, कालीकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा दैलेख, जाजरकोट, सुर्खेतजस्ता पहाडी जिल्लाहरूमा

पाइन्छन् । पश्चिम नेपालको विशेष रूपमा कर्णाली प्रदेशमा विकास भएको कला चाहे त्यो मूर्तिकला होस् वा स्थापत्य त्यसलाई कला विश्लेषकहरूले खसकलाशैली भन्ने गरेका छन् ।[१] मध्यकालको प्रारम्भदेखि भेरी, सेती, कर्णाली र महाकाली क्षेत्रमा पाल एवम् नागवंशी खस राजाहरूको शासन कायम रहेको थियो । उनीहरूकै छत्रछायामा त्यहाँको कला हुर्किएको हुँदा त्यसलाई खसकलाशैली भनिएको हो ।[२] यस क्षेत्रमा कत्यूरी र मल्ल वंशको शासनकालमा धेरैको सङ्ख्यामा निवास स्थल, मठ-मन्दिर, चैत्य, बिहारजस्ता हिन्दू तथा बौद्ध धर्मसँग सम्बन्धित स्मारक निर्माण गरिएका थिए ।[३] त्यस्ता कलानमुनाहरूले त्यस बेलाको कुशल कला पारङ्गता एवम् शिल्प दक्षताका बारेमा सूचना दिन्छन् । उक्त उपल्लो दर्जाको कलाकृतिहरूले त्यस बेलाका कलाकारहरूको जोस, जाँगर कलाभावना, लगनशीलता, एकाग्रताका साथै समाजमा प्रचलित धार्मिक विश्वास र सामाजिक मतलाई उजागर पार्न ठूलो सहयोग पुऱ्याउँदछन् ।[४] यस प्रकारका कला वास्तुकलामध्ये किल्ला, कोट वा दरबार वास्तुकलाको निर्माण त्यस क्षेत्रमा धेरैको सङ्ख्यामा भएको छ । यस्ता वास्तुकलामध्ये बैतडीको कुल्लेकोट दरबारको विश्लेषण यस लेखमा गरिएको छ ।

## ३. कोट, किल्ला एवम् दुर्गको अर्थ

राज्य व्यवस्थाको सुरुआत भएपछि राज्य एवम् राजालाई बाह्य आक्रमणबाट सुरक्षित राख्ने मुख्य उद्देश्यले प्राचीनकालदेखि नै सुरक्षा गढहरू बनाउन थालिएको देखिन्छ । यस्ता स्मारकहरूलाई बुझाउन गढ, कोट, किल्ला, दुर्गजस्ता शब्दहरूको प्रयोग भएको छ । ती शब्दहरूको अर्थ थोरै भिन्नता होला तर यी पदावलीहरूले समग्रमा सुरक्षित वासस्थान र सहरको सुरक्षात्मक रचनालाई सङ्केत गर्दछन् । बामन शिवराम आप्टेद्वारा सम्पादन गरिएको हिन्दी कोशमा दुर्ग शब्दको अर्थ गर्दा गढ, किल्ला, कोटहरू बुझाउने भनिएको छ ।[५] शब्दकल्पद्रुममा कोट शब्दलाई कुट्टति विप्रक्षोऽस्मिन अत्र वा कट्ट+अधिकरणेको घय (किल्लागढ आदि) भन्ने व्याख्या परेको छ ।[६] यसरी नै भोलानाथ तिवारीले सम्पादन गरेको बृहत् पर्यायवाची कोशमा किल्ला अन्तर्गत कोट, गढ, दुर्ग शिविरको उल्लेख पाइन्छ ।[७] प्रयोगात्मक नेपाली शब्दकोशले दुर्गलाई (दुर+ग) का रूपमा उल्लेख गर्दै शत्रुबाट सुरक्षाका निम्ति पहाड वा विकट ठाउँमा बनाइएको किल्ला, कोट, गढी/आवतजावत दुर्गम ठाउँ, अगम स्थल/सुरक्षा स्थल, सुरक्षा घेरा भन्ने अर्थ गरेको छ ।[८] नेपाली भाषाको कोटकिल्ला दुर्ग बुझाउनका लागि अङ्ग्रेजी भाषामा Fort शब्दको प्रयोग पाइन्छ । अङ्ग्रेजी भाषाको Fort शब्दको अर्थ Oxford Advanced Learner Dictionary मा Building Specially Made or strengnthned for the milittary diffence of an area भनेर गरिएको छ ।[९] रत्नाकर देवकोटाले तीनैतिर नदी भएको तथा संगम स्थलको बीचोबीचमा रहेको सानो डाँडा र त्यहाँको फाँटलाई कोट र तलबाट सिंढी चढेर माथि डाँडामा जानुपर्ने अवस्था भएको ठाउँलाई गढी भनेका छन् ।[१०] नेपाली शब्दसागरमा किल्ला, कोट र दुर्गको अर्थ छुट्टाछुट्टै रूपमा यस प्रकार गरिएको छ - **किल्ला:** प्रतिरक्षार्थ सुरक्षित घर वा ठाउँ गढी, दुर्ग, कोट खाबा, सीमाना, साँध । **कोट:** क्षेप्यास्त्र वा आणविक शक्ति प्रयोग गर्न थाल्नुभन्दा पहिले राज्यको सीमा सुरक्षा आदिको व्यवस्था गर्ने ठाउँ वा केन्द्र गढ, गढीकिल्ला, दुर्ग, चुली परेको र गढी तुल्याउन उपयुक्त थुम्को, मौलो गाडिएको वा पूजा गरिने ठाउँ सैनिक छाउनी आधुनिक ब्यारेक । **दुर्ग:** बढी दु:ख वा मुश्किलले गइने वा जान सकिने दुर्गम थलोको दु:ख साथ गर्न सकिने, बल्लतल्ल गरिने, पर्खाल वा छेकबारले मजबुती साथ घेरिएको वा प्राकृतिक छेकबार भएको साह्रै सुरक्षित । पर्वत, नदी आदिले छेकिएर वा घेरिएर दुर्गम रूपमा रहेको कोट, गढ, गढी, किल्ला, राजभवन, बनदुर्ग, जलदुर्ग, गिरिदुर्ग, नदिदुर्ग, भूदुर्ग आदि शत्रुले लरतरो ढङ्गले हमला गर्न नसक्ने बनावटी थल ।[११] यी सम्पूर्ण अर्थगराइबाट कोट, किल्ला दुर्गले समग्रमा सुरक्षात्मक दृष्टिले निर्माण गरिएका सामरिक क्षेत्रहरूलाई सङ्केत गर्दछन् ।

## ४. कोट एवम् किल्ला वास्तुकलाको इतिहास

कोट एवम् किल्ला वास्तुकलाको इतिहास कति पुरानो छ भन्ने कुरा स्पष्ट छैन । यस सन्दर्भमा ऐतिहासिक एवम् पुरातात्त्विक प्रमाणहरूले समेत स्पष्ट रूपमा भन्न सकेका छैनन् ।

यद्यपि संसारका प्राचीन सभ्यताहरूमा किल्लाबन्दी गरी सहर बनाउने परम्परा थियो भन्ने विषयलाई हिजोआज गरिएका अन्वेषण उत्खनन् एवम् अध्ययन अनुसन्धानहरूले पुष्टि गरिदिएका छन् । यस्ता महत्त्वपूर्ण सभ्यताहरूमा नाइल उपत्यकाको सभ्यता, ग्रीक सभ्यता र रोमनको सभ्यता पर्दछन् । यस्ता सभ्यताहरूमा जुन प्रकारका विशालकाय भवनले कलाको संरचनालाई देखाउँदछ । त्यसमा सुरक्षात्मक दृष्टिकोण पनि अंगालिएको हुनुपर्दछ । उक्त विषयलाई उत्खननबाट प्राप्त सामग्रीहरूले पुष्टि गरिदिएका छन् ।[१२] सिन्धुघाटी सभ्यताको उत्खनन्‌बाट प्राप्त प्राचीन दरबारका खण्डहरहरूले लगभग तीनहजार वर्ष ईशा पूर्वको शिल्प एवम् वास्तुरचनाका बारेमा सूचना दिएका छन् ।[१३]

वैदिककालमा समेत किल्लाबन्दी सहर निर्माण भएको विषयलाई पुष्टि गर्ने थुप्रै विवरणहरू पाइन्छन् । ऋग्वेदमा असुर र आर्यबीच युद्ध हुँदा आर्यहरू सुरक्षित किल्ला बनाई बसेको, इन्द्र र सम्भरको युद्धमा पानीले किल्लाको रूप लिएको, सम्भरका कुनै किल्ला नभएको श्रारदरपुर वा शरद ऋतुयकिल्ला, अश्मामयीपुर (प्रस्तरबाट घेरिएको सहर) जस्ता विवरणहरू पाइन्छन् । रामायणमा अयोध्या र लङ्काको विवरणमा किल्लाको महत्त्व र उपयोगिताका साथै नदीय (नदीको बीच भू-भागमा बनेको), पार्वत्य (वरिपरि पर्वतले घेरेको), खानित्र -खाईद्वारा घेरिएको) र अम्बदुर्ग (समुद्री पानीले घेरिएको) यी चार प्रकारका किल्लाहरूको विवरण पाइन्छ ।[१४] यस्तै महाभारतमा धन्व दुर्ग (चारैतिर बालुवाले घेरिएको), महीदुर्ग (समतल जमिनमाथि बनाइएको), गिरिदुर्ग (पहाडको माथि निर्मित वा चारैतिर पहाडले घेरिएको) मनुष्य दुर्ग (फौज किल्ला), जलदुर्ग (चारैतिर पानीले घेरिएको) र बनदुर्ग (चारैतिर बनले घेरिएको) यी छ प्रकारका किल्लाको चर्चा परेको छ ।[१५] बौद्ध ग्रन्थहरूमा किल्लाबन्दी मिथिला वैशाली सहरको उल्लेख मिल्दछ ।[१६] कौटिल्यको अर्थशास्त्रमा औदक (चारैतिर पानीले घेरिएको दुर्ग), पर्वत (चट्टान कन्दरामा बनेको दुर्ग) धान्वन (मरुभूमिले घेरेको दुर्ग) र बनदुर्ग (जङ्गल र झाँडिले घेरिएको दुर्ग) यी चार किसिमका किल्लाका चर्चा परेको छ ।[१७]

यी प्राचीन सभ्यताका उत्खननबाट प्राप्त पुरातात्त्विक सामग्री एवम् साहित्यिक ग्रन्थहरूमा उल्लेख भएका विवरणका अतिरिक्त कोट, किल्ला, दुर्गजस्ता सुरक्षाहेतु निर्माण गरिएका वास्तुरचनाका विषयमा मनुस्मृति, याज्ञवल्क्य स्मृति, अग्निपुराण, मत्स्यपुराण, देवीपुराण, शुक्रनीति, धर्मशुत्रजस्ता ग्रन्हरूमा पनि चर्चा पाइन्छ । भारतका विभिन्न ठाउँमा गरिएका उत्खनन्‌हरूबाट प्राचीन कोट किल्लाहरूका खण्डहरहरू प्राप्त भएका छन् । विशेषत: कौसाम्बी, श्रावस्ती, राजगृहमा यस्ता किल्लाहरू प्राप्त भएका छन् । कोटकिल्ला निर्माण गर्ने परम्पराले भारतमा मुगलकालमा झन् बढी लोकप्रियता पाउन गयो । मुगल शासकहरूले १५ औं शताब्दीताका आफ्नो अधिकार कायम गरेपछि आफ्नै शिल्प र शैलीमा आधारित वास्तु रचना तयार पारे ।[१८] कोट किल्ला निर्माण गर्ने सिलसिलामा मुगलकालीन प्रथम शासक बाबर र उनका सन्ततिहरू हुमायूँ, अकबर, जहाँगिर, शाहजहाँ, औरङ्गजेवहरूले विभिन्न ठाउँमा किल्ला निर्माण गरेका थिए ।[१९] यस बेला निर्माण गरिएका किल्लाहरू आगरा, सिक्री, बिना, धौलपुर, ग्वालियर, किउलन, लाहोरजस्ता स्थानहरूमा अझ पनि देख्न पाइन्छ ।[२०]

## ५. नेपालमा कोट एवम् किल्ला वास्तुकलाको इतिहास

नेपालमा प्राचीनकालदेखि नै किल्लाबन्दी राजधानी निर्माण गर्ने गरेको इतिहास पाइन्छ । लिच्छवीकालका केही अभिलेखहरूमा पाइने मानगृह, कैलाशकूट भवन, भद्राधिवास भवन, राजकुलजस्ता शब्दावलीहरूले उक्त विषयलाई पुष्टि गर्दछन् । यी सन्दर्भहरूका अतिरिक्त लिच्छवीकालमा चाँगुनारायण पर्वतलाई बनदुर्गका रूपमा विकास गरेको कुरा चाँगुको शिवदेव र अंशुवर्माको अभिलेखबाट बुझ्न सकिन्छ ।[२१] उक्त अभिलेखमा कोटको नियम कडा रहेको जसलाई कोट मर्यादा भनिएको सन्दर्भमा कोट शब्दको प्रयोग भएको छ । लिच्छिवीकालभन्दा अघि काठमाडौं उपत्यकामा कोट किल्ला वास्तुरचना निर्माण भए कि भएनन् भन्ने विषयको स्पष्ट सूचना दिने पुरातात्त्विक प्रमाण प्राप्त गर्न सकिएको छैन । यद्यपि गोपाल, महिषपाल र किरातवंशी शासकहरूले शासन गरेको

यस भू-खण्डमा निश्चित रूपमा सुरक्षात्मक किल्लाहरू निर्माण गरिएको हुनुपर्दछ ।

प्राचीनकालमा उपत्यकाबाहिर विशेष गरी पश्चिम तराईमा शाक्यवंशी शासकहरूको गणराज्य थियो । कपिलवस्तुको तिलौराकोट ढिस्कोमा विभिन्न समयमा गरिएका उत्खननहरूको शाक्यवंशी राजा शुद्धोधनको ई.पू. छैटौं शताब्दीताकाको किल्लाबन्दी दरबारको भग्नावशेष प्राप्त भएको छ ।[२२] यस तथ्यले ई.पू. छैटौं शताब्दीताका व्यवस्थित रूपमा किल्लाबन्दी दरबार निर्माण गर्ने कार्यको थालनी भइसकेको विषयलाई सङ्केत गर्दछ । सन् १९६८ मा नेपाल पुरातत्त्व विभागले मोरङ्गको भेडियारीमा गरेको उत्खनन्‌बाट धेरैको सङ्ख्यामा पुरातात्त्विक सामग्रीहरू प्राप्त गरेको छ । जुन सामग्रीका आधारमा उक्त क्षेत्रलाई ई.पू. दोस्रो प्रथम शताब्दीको मानिएको छ ।[२३] भेडियारी क्षेत्रमा थप उत्खनन् गर्ने हो भने राजाको दरबारको भग्नावशेष फेला पार्न सकिने सम्भावना छ ।

मध्यकालमा किल्लाका विषयमा जानकारी उपलब्ध गराउने मनग्य सन्दर्भहरू पाइन्छन् । त्यसबेलाका शासकहरूले आफ्नो दरबारलाई किल्लाबन्दी गरेको र काठमाडौं उपत्यका सहरभित्र प्रवेश गर्ने नाकाहरू खासगरी चाँगु, साँखु, गोकर्ण, स्वयम्भूजस्ता क्षेत्रहरूलाई बनदुर्गका रूपमा छुट्याइएको विवरण भेटिन्छ । जगज्जय मल्लको ने.सं. ८४९ को ताम्रपत्र र जयप्रकाश मल्लको ने.सं. ८७२ को ताम्रपत्रमा स्वयम्भूगढ, बालाजुगढ, गोकर्णगढ, चाँगुगढ, बज्रयोगिनी गढजस्ता विभिन्न गढको चर्चा पाइन्छ ।[२४] यस सन्दर्भमा राजा यक्ष मल्लले ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र चारै वर्णका व्यक्तिहरूको परिश्रमबाट भक्तपुर राजधानीलाई गढ वा किल्लाका रूपमा विकास गरेको घटनालाई सम्झन सकिन्छ ।[२५] मध्यकालमा नै राजा शिवदेवले कीर्तिपुर नगरलाई किल्लाको रूपमा विस्तार गर्न वनजङ्गल खाई, पर्खालले घेराबन्दी गरेको बुझिन्छ ।[२६] हिजोआज कीर्तिपुर नगरको वरिपरि पाइएका पर्खाल प्रवेशद्वारका भग्नावशेषहरूले उक्त विषयलाई पुष्टि गर्दछन् । यस बेला काठमाडौं उपत्यकाका अतिरिक्त तराईको सिम्रौनगढ र पश्चिम नेपालको कर्णाली क्षेत्रमा पनि खस मल्ल शासकहरूले विभिन्न किसिमका किल्लाहरू निर्माण गरेको पाइन्छ ।

शाहकालमा विशेषगरी काठमाडौं उपत्यकाबाहिर यस प्रकारका किल्लाहरू धेरैको सङ्ख्यामा निर्माण गरिए । यसताका सिङ्गो नेपाल बाईसी र चौबीसी राज्यमा रहेको अवस्थामा सुरक्षात्मक दृष्टिले आफ्नो र आफ्नो राज्यलाई सुरक्षित राख्न किल्ला निर्माण गर्नु स्वाभाविकै थियो । यसैताका निर्माण भएका कोट किल्ला एवम् गढीहरूमध्ये अनुसन्धानकर्ता डिल्लीराज शर्माले धेरैको सचित्र वर्णन गरेका छन् ।[२७]

नेपाली सैन्य शक्तिलाई बलियो पार्न त्यसबेला नेपालीहरूले किल्ला बनाएका थिए । विशाल नेपाल एकीकरणका साथै पछि अङ्ग्रेजसँग भएको युद्धताका सुरक्षा दृष्टिले नेपाली सेनाका नायक अमरसिंह थापा, भीमसेन थापा, भक्ति थापा, बलभद्रजस्ता वीर पुरुषहरूले किल्ला तथा कोटहरू विभिन्न ठाउँमा बनाएका थिए । त्यसबेला निर्माण भएका किल्ला एवम् कोटहरू आज पनि भारतीय भूमि विशेषगरी कुमाउँ गढवालका विभिन्न इलाकाहरूमा छँदैछन् । यस्ता किल्लाहरूमध्ये अल्मोडा किल्ला, पिथौरागढ किल्ला, मलाउँ, देउथल, नालापानी, गडनाथ, बाराखेडा, रामगढ, नालागढ, ढिकुली, कोटागढी, टंगजधारा, काठगोदाम र कुमपुरजस्ता किल्लाहरूमा बसी अङ्ग्रेजसँग लडेको घटनाले वीर तथा साहसी गोरखाली सैन्य बलको परिचय दिन्छ ।[२८] यी किल्लाका अतिरिक्त हाल नेपालमा पाइने किल्लामध्ये दुल्लुको प्राचीनकोट, डडेलधुराको अजैमेरकोट र अमर गढी किल्ला बझाङ्गको डुम्राकोट, थलाराकोट, तल्कोट, बझाङ्गकोट, डोटीको दिपायलकोट, अछामको जयगढ र सिलगढी, गुल्मीको धुर्कोट, स्याङ्जाको सतहुँकोट, गोरखाको गोरखा दरबार, लिगलिगकोट, वारपाकोट, दैलेखको दैलेखगढी, सिन्धुलीको सिन्धुली गढी, मकवानपुरको चिसापानी गढी, रुपन्देहीको बुटवलको जीतगढी, नुवाकोटको नुवाकोट दरबार, बैतडीको कुललेकोटजस्ता किल्ला, कोट एवम् गढीहरू कला वास्तुकला, सामरिक एवम् अध्ययन अनुसन्धानका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । यिनै कोटकिल्ला एवम् गढीहरूमध्ये बैतडी जिल्लाको

दशरथ चन्द नगरपालिका वडा नं. १ मा रहेको कुल्लेकोट दरबारका विषयमा यस लेखमा चर्चा गरिएको छ ।

## ६. बैतडीको राजनीतिक इतिहास

प्राचीन एवम् मध्यकालीन बैतडी क्षेत्रको राजनीतिक इतिहासका बारेमा जानकारी उपलब्ध गराउने स्रोत तथा सामग्रीहरूको अभाव छ । यो क्षेत्रमा कुनै पनि समयमा स्वतन्त्र राज्य स्थापना भएको र स्वतन्त्र शासकका रूपमा राज्य सञ्चालन गरेको ऐतिहासिक प्रमाण फेला पार्न सकिएको छैन । यद्यपि सामन्त शासकका रूपमा शासन गरेका केही प्रमाणहरू भने प्राप्त भएका छन् । बैतडी क्षेत्र पूर्व मध्यकाल अर्थात कर्णाली प्रदेशका खस मल्ल शासकहरूको अधीनस्थन हुनुभन्दा अघि काठमाडौंका लिच्छवीहरूको र कुमाउँका कत्यूर वंशका शासकहरूमध्ये कसको अधीनमा थियो भन्ने विषयमा अझसम्म अनुसन्धानको विषय बनेको छ । स्थानीयहरूका अनुसार हालको बैतडी जिल्लाका सबै भू-भागमा नेपाल एकीकरणपूर्व कत्यूरवंशी डोटेली शाही या मल्ल राजाहरूले शासन गरेको बुझिन्छ ।

कुनै ग्रन्थमा तत्कालीन समयमा बैतडी स्वतन्त्र राज्यका रूपमा स्थापित नभई सम्भवत: कुमाउँका कत्यूरी शासकहरूको अधीनमा रहेको उल्लेख पाइन्छ ।[२९] कुमाउँमा सातौं शताब्दीतिर स्थापना भएको कत्यूरी शासकहरूको शासन अधिकारको समाप्ति दशौं शताब्दीमा हुन गयो ।[३०] त्यसैले कत्यूरी वंशको अधीनमा यो क्षेत्र नरहेको हुनसक्ने बुझिन्छ ।

वास्तवमा प्राचीनकालमा काठमाडौं उपत्यकामा राज्यस्थापना गर्ने लिच्छवीहरूको राज्य उक्त समयमा निकै ठूलो थियो । भारतका गुप्त शासक समुद्र गुप्तको स्तम्भलेखले लिच्छवी राज्यको साँध सीमानाका बारेमा प्रष्ट पार्न खोजेको छ । यस लेखमा कुमाउँ देखि पूर्व आसामदेखि पश्चिमपट्टिको सम्पूर्ण भू-भागलाई नेपाल भनिएको छ ।[३१] मानदेव प्रथमको चाँगुनारायणको सम्वत् ३८६ (ई.सं. ४६४) को अभिलेखमा मानदेवले गण्डकीपारि मल्लपुरीका सामन्तलाई कज्याएको चर्चा छ ।[३२] उक्त सन्दर्भले गण्डकीपारिको कर्णाली क्षेत्रलाई मल्लपुरीको रूपमा सङ्केत गरेको हुनुपर्दछ । गोरखाबाट लिच्छवीकालका अभिलेख, बागलुङ्गबाट मानाङ्कमुद्रा, जुम्ला लामाथाडाबाट गुफामा उत्तर लिच्छवी लिपि कुँदिएका चैत्य प्राप्त भएका छन् । यी सबै घटना विवरणहरूले लिच्छवीकालमा नेपाल विशाल थियो । कर्णाली प्रदेशका बाईसी राज्यलगायत बैतडी पनि लिच्छवीहरूको अधीनस्थ थियो भन्ने सूचना दिएका छन् ।

बैतडी क्षेत्रमा एघारौं शताब्दीदेखिका केही ऐतिहासिक घटना विवरण, मठमन्दिर र मूर्ति प्राप्त भएका छन् । ती प्रमाणहरूलाई हेर्दा यस क्षेत्रमा दशौं एघारौं शताब्दीदेखि चौधौं शताब्दीसम्म खस मल्ल शासकहरूले शासन सञ्चालन गरेको र उनीहरूको पतन अर्थात् पन्ध्रौं शताब्दीपछि खस राज्य स-साना राज्यमा विखण्डित हुन गयो । त्यस समयमा पनि बैतडीले स्वतन्त्र हुने अवसर प्राप्त गर्न सकेन र डोटी राज्यकै अधिनमा रहन बाध्य हुन पुग्यो । डोटी राज्य निकै शक्तिशाली भएकोले बैतडी क्षेत्रको रेखदेखका लागि सामन्त शासक नियुक्त गरिएका थिए ।[३४] नेपाल एकीकरणका क्रममा वि.सं. १८७४ मा डोटी राज्यमाथि गोरखाली फौजले विजय प्राप्त गऱ्यो ।[३५] यसपछि डोटी राज्यको स्वतन्त्र अस्तित्वका साथै बैतडीको सामन्त शासकको अधिकार पनि समाप्त भएर गयो । यस प्रकार बैतडी क्षेत्र कुनै पनि बेला स्वतन्त्र राज्यका रूपमा स्थापित हुन सकेको थिएन । कुनै बेला सम्भवत: काठमाडौंका लिच्छवी, कुनै समय कर्णाली प्रदेशका खसमल्ल शासकका साथै कुनै समय डोटी राज्यको खटनपटनमा रहँदा रहँदै अन्तत: नेपाल एकीकरणको मूलप्रवाहमा समाहित हुन पुग्यो । हाल यो क्षेत्र नेपाल अधिराज्यका ७५ जिल्लामध्ये सुदूर पश्चिमाञ्चलको महाकाली अञ्चल अन्तर्गत पर्ने पहाडी वैतडी जिल्लाका रूपमा प्रसिद्ध छ ।

बैतडी क्षेत्रमा धेरै पटक राजनीतिक परिवर्तनहरू भए । तर त्यसको प्रभाव धार्मिक, सांस्कृतिक, कला वास्तुकलाका क्षेत्रमा खासै परेन । धार्मिक, सांस्कृतिक कला वास्तुकलाका दृष्टिले भने यस क्षेत्रको महत्त्वमा कुनै कमी आउन पाएन । जो जसले खटनपटन चलाए पनि यस क्षेत्रको धर्म, संस्कृति, कला

वास्तुकलाको विकास र विस्तारमा तत्कालीन शासकले कुनै कन्जुस्याईं गरेनन् । आज पनि बैतडी जिल्लाभित्र रणासैनी भगवती, निङ्लासैनी भगवती, मेलौली भगवती, ईश्वरी गङ्गाधाम, जगन्नाथ तीर्थ, केदारनाथ, देवलहाट तीर्थ पातालभूमेश्वरजस्ता दर्जनौ मठमन्दिर अस्तित्वमा छन् । यस अतिरिक्त सदरमुकामभन्दा ५० कि.मि. दक्षिणतर्फ रहेको सर्मालीगढी, वि.सं. १६२५ देखि १६७५ सम्म तत्कालीन पनेरुहरूले राज्य गरेको रौलाकेदार, पाटन गाविस वडा नं. ५ मा रहेको वि.सं. १६०० देखि १६५० सम्म चन्दहरूले राज्य गरेको सुमेरुकोट र सदरमुकामको कुल्लेकोटलाई महत्त्वपूर्ण ऐतिहासिक तथा पुरातात्त्विक स्थल मानिन्छ ।[३६]

## ७. कुल्लेकोट दरबार

### (क) दरबारको अवस्थिति

कुल्लेकोट बैतडी जिल्लाको महत्त्वपूर्ण ऐतिहासिक एवम् पुरातात्त्विक क्षेत्र हो । यो कोट दरबार बैतडी जिल्लाको सदरमुकाम दशरथ चन्द नगरपालिका वडा नं. १ मा पर्दछ । खलङ्गागढीबाट लगभग २ कि.मि. दक्षिणमा एउटा सानो ढिस्कोको टुप्पोमा यो दरबार रहेको छ । यस दरबारसम्म पुग्न सदरमुकाम बजारबाट लगभग ४५ मिनेट जति उकालो ओह्रालो पैदल हिँड्नु पर्दछ । किल्ला निर्माण गर्ने परम्परा सुरक्षाका दृष्टिले बढ्दै गएको छ । किल्ला आफैँमा सुरक्षित स्थल हो । त्यसमा पनि किल्लालाई समेत सुरक्षित राख्न वा अधिक मात्रमा सुरक्षित बनाउन र शत्रुहरूको आक्रमणबाट जोगिन अग्ला पर्खाल खाई तथा झाडीहरूले घेरिने गरिन्थ्यो । किल्ला निर्माण गर्दा समेत विशेषगरी आफैँमा सुरक्षित रहेका पहाडपर्वत, बनजङ्गल र खोलानालाबीचको टापुजस्ता ठाउँहरूलाई छनौट गरिन्थ्यो । त्यसैले प्राचीन तथा मध्यकालमा निर्माण भएका अधिकांश किल्लाहरूका अवशेषहरू यस्तै स्थलहरूबाट प्राप्त भएका छन् । यस्ता किल्लाहरूलाई निर्माण भएको ठाउँको स्वरूपको आधारमा वनदुर्ग, नदियदुर्ग, पार्वत्यदुर्ग, अम्ब दुर्ग, खानित्र दुर्ग, मनुष्य दुर्ग, गिरि दुर्ग, जलदुर्गजस्ता विभिन्न नाम दिइएको पाइन्छ । यस्तै स्वरूपका किल्लाहरूमध्ये बैतडीको कुल्लेकोट दरबारलाई पार्वत्य र बनदुर्गको मिश्रित स्वरूपको किल्ला मान्न सकिन्छ । यस कोटको वर्तमान अवस्थितिले पनि सोही कुरालाई सङ्केत गर्दछ ।

### (ख) कुल्लेकोट दरबारको निर्माणकाल

कुल्लेकोट दरबार कसले कहिले, निर्माण गरेको हो भन्ने विषयको जानकारी दिने अभिलेखीय प्रमाणको अभाव छ । अत: यसको निर्माणकालका विषयमा प्रस्ट भन्न गाह्रो छ । यसै सन्दर्भमा पुरातत्त्वविद पाण्डेले चम्पावतीका चन्दवंशी शासकहरू प्रताप चन्द र महि चन्दले निर्माण कार्य प्रारम्भ गरेको र यस दरबारको पूर्ण निर्माण भने पछि उनीहरूका सन्तानहरूले गरेका हुन् भनेका छन् ।[३७] यसै सर्न्दभमा केही विद्वान्हरूले यस दरबारलाई वि.सं.१६३० देखि वि.सं. १६५० सम्म रुद्रवीर शाहले बसी राज्य गरेको दरबार हो भनेका छन् ।[३८] यस कुल्लेकोट दरबारका विषयमा एउटा वंशावलीमा उल्लेख भएअनुसार यसको निर्माण रन्धौलो नामक राजाले गरेको बुझिन्छ ।[३९] कुल्लेकोट दरबारका सम्बन्धमा अनुसन्धानकर्ता डिल्लीराज शर्मा यस प्रकार उल्लेख गर्दछन् । यस दरबारको वास्तु स्वरूप एवम् संरचनालाई विचार गर्दा त्यति प्राचीनजस्तो देखिँदैन । अत: यो दरबार बाईसी राज्य रहेताका निर्माण गरिएको हुनपर्दछ । माथिको वंशावलीमा उल्लेख भएजस्तै रन्धौला राजाका सन्तानहरूमा सुजान्धौलो, गुरुधौलो, केलान्धौलो, कैलान्धौलो, सैपाल, चौपाल, खडान्जल, खडदेउ, बढदेउ, सौरदेउले यहाँ शासन गरे । सौर देउको तीन छोरा थिए । तीमध्ये उदयदेउले बैतडीको पाटनमा शासन गरेको देखिन्छ ।[४०]

यस सम्बन्धमा एक जना स्थानीय व्यक्ति नारायण चन्दले 'आफू सौरदेउको सन्तान हुँ । मेरा पूर्खाहरू धेरै वर्षअघि सिम्रौनगढको कत्यूर (भारतको राजस्थाननेर) भन्ने ठाउँको दुवाकोटमा बसोबास गर्दथे । एकताका मुसलमानहरूले त्यहाँ आक्रमण गरे । ठूलो युद्ध भयो । मेरो पूर्खाका तीन भाइ रानादेव, भानादेव, उदयदेव त्यस ठाउँमासँगै बस्दथे । युद्धमा पराजित भएपछि भागेर उत्तरतर्फ लागे र यस ठाउँमा आइपुगे । जेठा रानादेवले यहीं राज्य स्थापना गरे (बैतडी कुल्लेकोट

क्षेत्रमा) । माहिला भानादेव पूर्वतिर लागे । कान्छा उदयदेवले बैतडी पाटनमा राज्य स्थापना गरी बसे । यहाँ राज्य गर्ने जेठा भाइ रानादेव चन्दको मृत्युपछि रानी सती जान लागिन् । ज्योतिषीले तिमी गर्भवती छौ । पेटको बच्चाको जन्म ७ महिनामा हुनेछ । यसको नाम गर्भ चन्द रहनेछ । यसले यस ठाउँमा राज्य गर्नेछ । तिमी सती नजाउ भनेर भविष्यवाणी गरे । सोहीअनुसार रानीका कोखबाट छोराको जन्म भयो । उक्त शिशुको नाम गर्भ चन्द रहन गयो । पछि तिनले यहाँको शासन चलाए । तर दूर्भाग्यवश गर्भ चन्दपछिका सन्ततिहरूले शासन गर्न पाएनन् । उनीपछि उनका वंशमा भावी चन्द, भावी चन्दका छोरा हरि चन्द, हरि चन्दका छोरा प्रेम चन्द र प्रेम चन्दका छोरा म नारायण चन्द हुँ भनेर बताएका छन् ।"[४१] नारायण चन्दले बताएको वंशावली र डिल्लीराज शर्माले उल्लेख गरेको वंशावलीको नामावलीहरूमा सौरदेवपछि लगभग मिल्दोजुल्दो देखिन्छ । जो यस प्रकार छ ।

सौर देव

↓ रानादेव | ↓ भानादेव | ↓ उदयदेव

रानादेव
↓
गर्भदेव चन्द
↓
भावी चन्द
↓
हरि चन्द
↓
प्रेम चन्द
↓
नारायण चन्द

स्थानीय भाषामा कुल्लेकोट नामले चिनिने यस दरबारको निर्माण रानादेवका छोरा गर्भ चन्ददेवले गरेका हुन भन्ने विश्वास गर्दछन् ।[४२] स्थानीयहरूले भनेजस्तै यो दरबार निर्माणको श्रेय गर्भ चन्दलाई दिने हो र नारायण चन्दले बताएको वंशावलीमा एउटा पुस्तालाई कम्तीमा ३० वर्षको समय निर्धारण गरिदिने हो भने लगभग २१० वर्षअघि यो दरबार निर्माण भएको अनुमान गर्न सकिन्छ । गर्भ चन्दसँग सम्बन्धित एउटा शिलापत्र देवलहाटबाट प्राप्त भएको छ । त्यस शिलापत्रमा गर्भ चन्दलाई रानी श्री यमदेवीका पुत्र भनिएको छ ।[४३] यस तथ्यले गर्भ चन्द एक ऐतिहासिक व्यक्ति हुन भन्ने कुरा प्रमाणित गरिदिएको छ । जे होस् बैतडी जिल्लाको ऐतिहासिक महत्त्वलाई यो कोटले पनि उजागर पारेको छ । यहाँका व्यक्तिहरूको चिना वा जन्मकुण्डलीमा 'कुल्लेकोट राजस्थाने दुर्गानिकटे' लेख्ने परम्परा थियो । जो आज पनि कायम रहेको छ ।[४४]

(ग) दरबारको बनावट शैली एवम् स्वरूप

पाण्डेले यस दरबारले ओगटेको क्षेत्र ठूलो छ भनेका छन् ।[४५] वर्तमान समयमा दरबारले ओगटेको क्षेत्र त्यति ठूलो देखिँदैन र यहाँको भवन १६ मिटर लम्बाई ८ मिटर चौडाइमा बनेको छ ।[४६] पाण्डेले यो दरबार विभिन्न आकारप्रकारका ठूलठूला कोठाहरू भएको, तीन तलामा निर्माण गरिएको तीन तलामध्ये तल्लो तलालाई गोठ (Gotha) बीचको तलालाई मजेल (Majala) र माथिल्लो तलालाई पाण (Pana) भनेका छन् ।[४७] तर हिजोआज खण्डहरमा परिणत भइसकेको हुँदा तीन तलाको संरचना देख्न सकिँदैन । केवल यसको आधार स्वरूप बाँकी छ । त्यस आधार स्वरूपले उत्तर दक्षिण लाम्चिलो आकारमा बनाइएको यो भवनमा मुख्य तीनवटा कोठाहरू भएको सङ्केत गर्दछ । त्यसैगरी मुख्य कोठाहरूका अगाडि पूर्वतर्फ दुईवटा र पछाडि पश्चिमतर्फ २-२ वटा लाम्चिला कोठाहरू रहेका छन् । यस दरबारको स्वरूपका विषयमा शोधकर्ता डिल्लीराज शर्माले प्रस्तुत गरेको रेखाङ्कन नक्साले थप जानकारी उपलब्ध गराउँदछ ।[४८] जुन अनुसूचीमा उल्लेख गरिएको छ ।

(घ) दरबारनिर्माणमा प्रयोग गरिएका सामग्रीहरु

किल्लाकोट एवम् दरबार निर्माण गर्न प्राचीनकालदेखि नै ढुङ्गा माटो, ईंट, काठजस्ता सामग्रीहरूको प्रयोग हुँदै आएको छ । विश्वको प्राचीन सभ्यताका रूपमा ख्याति कमाएको इजिप्टको सभ्यताको राजधानी 'मेम्फी' समेत सूर्यका प्रकाशले सुकाइएका ईट र काठको प्रयोग गरी बनाइएको थियो ।[४९] पूर्वीय सभ्यताका प्राचीन किल्लाबन्दी राजधानी निर्माण गर्न समेत त्यस्तै किसिमका निर्माणसामग्री र पद्धतिको प्रयोग भएको हुनुपर्दछ । उत्खननबाट प्राप्त भएका कतिपय प्राचीनतम सभ्यताका खण्डहरहरूले समेत त्यस सन्दर्भलाई पुष्टि गर्दछन् । कुल्लेकोट दरबारको भग्नावशेषलाई हेर्दा यो दरबार सामान्य वास्तुशैलीमा निर्माण गरिएको अनुमान गर्न सकिन्छ । यहाँ मूलतः ढुङ्गाको प्रयोग गरिएको छ । जसको पुष्टि हाल त्यहाँ पाइने ढुङ्गाका चौकोणाकार चिप्सहरूले गर्दछन् । दरबारमा प्रयोग गरिएका ढुङ्गा चारपाटे चिप्सलाई जोड्नका निम्ति लेसिलो माटाको मोरटार (जोड्नी) को प्रयोग भएको छ ।[५०] यस दरबारमा झ्याल ढोका एवम् आवश्यक अङ्गहरू निर्माणका निम्ति काठको प्रयोग भएको हुन सक्दछ । तर वर्तमान समयमा काठका अवशेषहरू त्यहाँ पाउन सकिँदैन । दरबारको चारैतिरको पर्खाल साधारण प्रस्तरबाट निर्माण गरिएको छ । ती प्रस्तरहरूमा फूलबुट्टा आदि कुनै पनि चित्रहरू कुँदिएका छैनन् । त्यस गारो लगाउन प्रयोग गरिएको ढुङ्गाका चिप्सहरू लगभग ७५ से.मि.सम्म मोटाइ भएका छन् ।[५१]

(ङ) दरबारका विभिन्न कोठाहरुको प्रयोजन

यस दरबारमा विभिन्न आकारप्रकारका छ वटा कोठाहरू रहेको विषयमा, माथि नै चर्चा भइसकेको छ । विभिन्न आकारप्रकारका कोठा एवम् खण्डहरूको प्रयोग विविध उद्देश्यले गरिएको हुनुपर्दछ । यी खण्डहरूमा एक अर्को कोठामा पुग्न सक्ने भित्रभित्रबाट ढोकाहरूको व्यवस्था भएको अनुमान गर्न सकिन्छ । स्थानीयहरूका अनुसार यस दरबारका मुख्य तीनवटा कोठाहरूको प्रयोग मूलतः तीन छुट्टाछुट्टै उद्देश्यका निम्ति गरिएको बुझिन्छ । दरबारको सबैभन्दा दक्षिणपट्टीको कोठा शासकहरूको आवास कोठा थियो । सबैभन्दा उत्तरतर्फको कोठामा शासक बस्ने गद्दी बैठक र बीचको बैठक कोठा थियो । मूल कोठाहरूका अतिरिक्त अगाडिपछाडि रहेको स-साना लाम्चिला कोठाहरूको प्रयोग पनि खास उद्देश्यका निम्ति हुने गर्दथ्यो । अगाडिपट्टीका दुई कोठाहरूमध्ये एउटा कोठामा सुरक्षाकर्मी र अर्को कोठामा राजासँग भेटघाट गर्न आउने व्यक्तिहरू बस्ने प्रतीक्षालय थियो । त्यस्तै पछाडिपट्टीका दुईवटा कोठाहरूमध्ये एउटा कोठा सुरक्षाकर्मी बस्ने र अर्को कोठा अपराधी वा कैदीहरूलाई थुन्ने झ्यालखानाका रूपमा प्रयोग गरिन्थ्यो । कोठाको बनावट शैलीले पनि सोही कुरालाई सङ्केत गर्दछ ।

प्रो. पाण्डेले पछिल्लो काल अर्थात् गोरखाली सैनिकको नेपाल एकीकरण अभियानताका बैतडीका सामन्त शासक भुली चन्दको शासन कायम थियो । एकीकरणका क्रममा गोरखाली सेनाले उनलाई कब्जा लिई पछि कैद गरी नजरबन्दमा राख्न यो दरबारलाई प्रयोगमा ल्याएको कुरा उल्लेख गरेका छन् ।[५२] केही स्थानीय व्यक्तिहरूका अनुसार कुल्लेकोट दरबार चन्द वंशका रजवारहरूको इन्साफ गर्ने ठाउँ हो । यहीं बसी झैझगडा कुटपिट एवम् अन्य मुद्दामामिलाको न्याय निसाफ छुट्टयाई दिने गरिन्थ्यो । यहाँबाट न्याय निसाफ गर्दा अपराधीलाई केरकार गर्ने थुन्ने समेत गरिन्थ्यो । यति गर्दा पनि कुनै अपराधीले झूटो बोलेजस्तो लागेमा त्यसलाई देवलहाटमा भएको शिवालयमा छुवाई सत्यतथ्य भन्न लगाइन्थ्यो । यति गर्दा पनि अपराधीले आफूले गरेको अपराध स्वीकार नगरी झूटो बोलिरहेमा भगवान् शिवको शक्तिले त्यसले ठूलो दुःख कष्ट झेल्नु पर्दथ्यो । र त्यस्ता व्यक्तिको तीन महिनादेखि छ महिनाभित्रमा मृत्यु समेत हुन सक्छ भन्ने विश्वास गरिन्थ्यो । त्यसैले यहाँ जुनसुकै अपराधीले पनि झुठो नबोली आफ्नो अपराध स्वीकार गर्दथे । हिजोआज पनि यो परम्परा थोरै भए पनि कायम छ भन्ने कुरा स्थानीयहरू बताउँदछन् ।

(च) दरबारसँगै रहेका अन्य पुरातात्त्विक सामग्रीहरु

यस दरबार वरपर विभिन्न प्रकारका पुरातात्त्विक एवम् ऐतिहासिक सामग्रीहरू रहेका छन् । हुनतः यो स्थलगत

अध्ययनभन्दा अघि उक्त क्षेत्रमा हाल प्राप्त भएका भन्दा धेरै पुरातात्त्विक एवम् ऐतिहासिक सामग्री रहेको र हिजोआज ती हराउने, नाश हुने कारणले गर्दा नरहेको कुरा स्थानीयहरू बताउँदछन् । दरबारको दक्षिणपट्टी छेउमा लगभग तीन रोपनी जति समतल मैदान छ । उक्त मैदानलाई स्थानीयहरू त्यस बेलाको टुँडिखेल भन्दछन् । दरबारको उत्तरपट्टी एउटा गहिरो इनार छ । उक्त इनारलाई राजा एवम् राजपरिवारका सदस्य र अन्य भेटकर्ताहरूको खानेपानीको स्रोत मानिन्छ । भनिन्छ, उक्त कुवामा वर्षा याममा धेरै पानी जम्मा हुने र हिँउदमा त्यसको तुलनामा कम जम्मा हुने गर्दथ्यो । उक्त कुवा र दरबारको बीच खण्डमा एउटा गाडिएको काठको खाँबो छ । त्यसलाई बोका राँगा आदिको बलि दिने मौलो मानिन्छ । यस मौलोको छेउमा भगवती र भगवान् विष्णुका दुईवटा प्रस्तरका प्रतिमाहरू छन् । ती मूर्तिको वरपर त्रिशूलहरू राखिएका छन् । उक्त भगवतीको मूर्ति एवम् त्रिशूलहरूलाई हेर्दा उक्त ठाउँमा भगवतीको एउटा मन्दिर पनि हुन सक्ने अनुमान गर्न सकिन्छ । दरबारमा प्राय कि त भैरव कि त भगवतीको एउटा मन्दिर निर्माण गरिन्छ । सोहीअनुसार यस दरबारमा पनि भगवतीको मन्दिर रहेको हुनसक्ने सम्भावना छ ।

कुल्लेकोट दरबारको ऐतिहासिकतालाई प्रकाश पार्न यहाँका दुईवटा मूर्ति एवम् त्रिशूलहरूले थप सहयोग पुर्‍याउँदछन् । यी मूर्तिहरू दरबारको उत्तरपूर्व कुनामा रहेका छन् । मूर्ति भएको ठाउँलाई हेर्दा ती मूर्तिहरू प्रतिस्थापना गरिएको पुरानो ठाउँ त्यो होइन कि जस्तो लाग्छ । निकै भग्न अवस्थामा रहेको ती मूर्तिहरू प्रतिस्थापना गरिएको पुरानो ठाउँ त्यो होइन कि जस्तो लाग्छ । निकै भग्न अवस्थामा रहेका ती मूर्तिहरू बनावट शैली एवम् विशेषताका बारेमा भन्न कठिन छ । यद्यपि मूर्तिको शारीरिक संरचना, मुखाकृति हातमा लिएका आयुधका आधारमा ती मूर्तिहरूमध्ये एउटा भगवान् विष्णुको र अर्को भगवतीको हुन सक्ने देखिन्छ । जसको बारेमा छोटो चर्चा तल गरिएको छ -

(अ) भगवतीको मूर्ति

बैतडी कुल्लेकोटमा रहेको यो मूर्तिका सम्बन्ध डिल्लीराज शर्माले त्रिपुरासुन्दरीको हुनुपर्दछ, त्यसमा कुनै शङ्का छैन भन्ने कुरा उल्लेख गरेका छन् ।[५३] धेरैजसो मूर्ति विज्ञानहरूले वा शिल्पशास्त्रहरूले शिवको त्रिपुरान्तक मूर्तिमा परशु, धनु आदि आयुध लिएको जटामुकुट धारण गरेको र वाँयातिर उमा रहेको हुनुपर्दछ भन्ने उल्लेख गरेका छन् । रूपमण्डन नामक प्रसिद्ध मूर्तिविज्ञानमा गौरीका छ प्रकारका स्वरूपमध्ये एउटा स्वरूप त्रिपुरासुन्दरी हो भनिएको छ ।[५४] तन्त्रशास्त्रमा शक्तिको महिमा ठूलो छ त्रिपुरासुन्दरी भगवती पनि शक्तिरुपिणी देवी हुन् । तन्त्रशास्त्रमा उल्लेख भएका दश महाविद्यामध्ये षोडशीलाई त्रिपुरासुन्दरी मानिन्छ । श्रीस्वस्थानी व्रतकथामा त्रिपुरासुरनामक राक्षसलाई वध गर्ने देवी भएको कारण यी देवीको नाम त्रिपुरासुन्दरी रहेको विश्वास गरिन्छ ।[५५] मूर्तिविज्ञानमा उल्लेख भएअनुसार यस मूर्तिमा पनि वाँयातिर उमाको सानो आकृति, शिरमा जटामुकुट र वाँया हातमा धनु लिएको छ । त्यसैले यो मूर्ति त्रिपुरासुन्दरीकै मूर्ति हुनुपर्ने सम्भावना छ ।

मूर्तिमा दुईवटा हात छन् । दाँया हात भाँचिएको हुँदा उक्त हातले के लिएको थियो भन्न सकिँदैन । अनुमानत परशु लिएको हुनुपर्दछ । वाँया हातले धनु लिएको स्पष्ट देखिन्छ । त्रिपुरासुन्दरीको यो मूर्तिमा आकर्षक ढङ्गले जटा मुकुट निर्माण गरिएको छ । कानमा गोलाकार कर्णकुण्डलहरू छन् । स्थानक अवस्थामा रहेको यो मूर्ति वायाँतिर थोरै ढल्किएर अगाडि हिँड्न लागेजस्तो देखिन्छ । मूर्तिको दाहिने गोडा अगाडि थोरै खुम्च्याएर टेकेको र देब्रे गोडा पछिल्तिर ढल्काएर टेकेको छ । मूर्तिविज्ञानले यस्तो मूर्तिलाई आलीढ शैलीको मूर्ति मान्दछ ।[५६] कलाकारले मूर्तिको ढल्काई र हिँड्न खोजेको हाउभावलाई अत्यन्त राम्रोसँग उत्कीर्ण गरेको छ । लाम्चिलो अनुहार भएको यस मूर्तिमा घाँटीमा चेप्टो हार, नाडीमा मोटा बाला र कम्मरमा मोटो कटिबन्ध लगाएको देखिन्छ । शरीरको अन्य भागको तुलनामा भाँचिएला जस्तो देखिने सानो कम्मर, ठूला-ठूला र झोलिएको स्तन निकै आकर्षक देखिन्छन् । उक्त भाग नै मूर्तिको

आकर्षणको विषय बनेको छ । कलाकारले यस मूर्तिमा स्तनदेखि तल कटिवन्धसम्मको अङ्ग बडो सुन्दर ढङ्गले प्रस्तुत गरेको छ । मूर्तिमा देवीले कम्मर तल धोती एवम् माथिल्लो भागमा चोली लगाएको छ । कटिबन्ध र धोती यति तल लगाइदिएको छ कि गुप्ताङ्गलाई समेत धोती र कटिबन्धले छोएको जस्तो देखिन्छ । यस्तो विशेषता नेपालमा पाइने अन्य मूर्तिहरूमा बिरलै देख्न सकिन्छ । कडा फुस्रो ढुङ्गाबाट निर्माण गरिएको यो मूर्तिको समय डिल्लीराज शर्माले १४ औं शताब्दी तोकेका छन् ।[५७] मूर्तिमा प्रयोग गरिएका गरगहना, पोशाक, मूर्तिका मुखाकृति एवम् कैलाशैलीजस्ता विविध पक्षलाई मूल्याङ्कन गर्दा यो मूर्ति लगभग बिक्रमको तेर्‍हौं, चौधौं शताब्दीताकाको हुनसक्ने देखिन्छ ।

(आ) भगवान् विष्णुको मूर्ति

बैतडीको कुल्लेकोट दरबारमा रहेको अर्को महत्त्वपूर्ण मूर्ति हो यो । स्थानक अवस्थामा रहेको यस मूर्तिका दुवै गोडाहरू समपादमा छन् । मूर्तिको उचाइ ३० से.मि.को छ ।[५८] चारवटा हात भएका मूर्तिको माथिल्लो दुईवटा हातहरू टुटे फुटेका अवस्थामा छन् । यद्यपि ती हातले लिएको आयुधका बारेमा अनुमान गर्न सकिन्छ । दाँया तर्फको माथिल्लो हातले पद्म र बाँया तर्फको माथिल्लो हातले चक्र लिएको देखिन्छ । यस्तो गरी दाँया-बायाँ दुवै पट्टीका तलका हातले घुँडा मारेर बसेका नारीमूर्ति र पुरुषमूर्तिलाई छोएको छ । उक्त मूर्तिफलकले आयुधदेवी र पुरुषदेवलाई सङ्केत गर्दछ । ती मूर्तिहरू नारीमूर्ति गदादेवी र पुरुषमूर्ति शंख पुरुष हुनुपर्दछ ।

यस मूर्तिका केही शारीरिक विशेषताहरू त्रिपुरासुन्दरीको मूर्तिमा पाइने विशेषतासँग मिल्दाजुल्दा छन् । तर मुखाकृति त्रिपुरासुन्दरीको जस्तो लाम्चिलो नभई गोलाकार र पुष्ट देखिन्छ । शिरमा श्रीपेच, कानमा गोलाकार मोटो कुण्डल एवम् गलामा हार धारणा गरेको यस मूर्तिमा घुँडाभन्दा तल झरेको वनमाला छ । मूर्तिको नाडीमा मोटा चुरा, कम्मरमा कटिबन्द, तल्लोभागमा धोती छ भने शरीरको माथिल्लो भाग नग्न छ । मूर्तिमा गोलाकार अग्नि ज्वाला युक्त प्रभामण्डल छ । चिल्लो र कडा प्रस्तरबाट निर्माण गरिएको यो मूर्तिलाई अनुसन्धानकर्ता डिल्लीराज शर्माले चौधौं शताब्दीको मानेका छन् ।[५९] मूर्तिमा पाइने विशेषता एवम् शैलीले यो मूर्ति बाह्रौं चौधौं शताब्दीको हुनुपर्ने सङ्केत गर्दछ ।

यस कोट परिसरमा रहेका भगवती र विष्णुका मूर्ति जति पुराना हुन् दरबार त्यति पुरानो होइन । ती मूर्तिहरू दरबार बनाइसकेपछि कतैबाट ल्याई प्रतिस्थापन गरेको हुनुपर्दछ । कहाँबाट ल्याइएका हुन् स्पष्ट भन्न सकिने प्रमाण छैन । यो दरबारभन्दा लगभग आधा घण्टाको बाटो पश्चिममा देवलहाटमा रहेका सातवटा देवलहरूलाई पाञ्चायन देवताको देवल मानिन्छ । पाञ्चदेवोपासना मध्य यस क्षेत्रमा शिवपाञ्चायनको भावना तुलानात्मक रूपमा बढी लोकप्रीय छ । त्यसो भएको कारण मुख्य देवताका रूपमा बीचमा भगवान् शिव र दायाँबायाँ विष्णु, गणेश, सूर्य र देवीका मूर्तिहरू प्रतिस्थापित देवलहरू त्यस क्षेत्रमा निर्माण गरिएका पाइन्छन् ।[६०] यसै सिद्धान्तअनुसार देवलहाटका सातवटा देवलहरू निर्माण भएका हुन् । हाल ती देवलहरूमध्ये पहिलो, छैटौं र सातौं देवलको गर्भगृहमा मूर्ति छैनन् ।[६१] अत: उक्त देवलहरूमा नभएका विष्णु, गणेश, भगवतीका मूर्तिहरूमध्ये कुल्लेकोटमा रहेको विष्णु र भगवतीका मूर्ति पछि त्यहीबाट उठाएर ल्याएको हुनसक्दछ । वास्तवमा देवलहाटका देवलहरू निर्माण गर्न प्रयोग गरिएको ढुङ्गा र यी मूर्तिको प्रस्तरको गुण एउटै प्रकारको छ । देवलहाटमा रहेको उमामहेश्वरको मूर्ति, शिवलिङ्ग र कुल्लेकोटका यी मूर्तिका ढुङ्गाको गुण समान रहेको छ । अधिकांश विद्वान्हरूले देवलहाटका देवलहरू लगभग १२-१३ शताब्दीताका निर्माण गरिएका हुन् भन्ने विचार दिएका छन् ।[६२] कुल्लेकोटका यी मूर्तिहरू पनि लगभग १२-१४ शताब्दीका मानिन्छन् । यी सन्दर्भ र घटना विवरणहरूले देवलहाटमा प्रतिस्थापित मूर्तिहरू मध्ये यी दुई मूर्ति त्यहाँबाट ल्याई पछि यहाँ स्थापना गरेको हुनसक्ने विषयलाई सङ्केत गर्दछ ।

छ. आवश्यक जीर्णोद्धार एवम् मर्मत सम्भार

कुल्लकोट दरबारको वर्तमान स्वरूप भनेको केवल खण्डहर हो । त्यसैले यस दरबारको कुन चाहिँ भागको जीर्णोद्धार

गर्ने त्यो निश्चित गर्न कठिन छ किनकी हाल यस दरबारको कुनै एउटा भागमात्र पनि सग्लो अवस्थामा छैन । यो दरबार खण्डसम्म पुग्ने बाटो छैन । दरबार खण्डको घेराबेरा छैन । त्यहाँको कुवा पूर्णरूपमा जीर्ण भैसकेको छ । ५ फिटभन्दा माथिको दरबारको भाग पूर्ण रूपमा भत्किसकेको छ । आधार भाग पनि थोरैमात्र बाँकी हुनका साथै भत्किने क्रम बढ्दो छ । दरबारका झ्याल, ढोका, चौकोस, खापा केही छैनन् । दरबारको छानो केको र कस्तो थियो त्यसका बारेमा सूचना दिने छानासँग सम्बन्धित वस्तुहरूका अवशेष कुनै पनि त्यहाँ पाइँदैनन् । टुँडिखेलका रूपमा रहेका खुला मैदान जङ्गलका रूपमा परिणत हुँदैछ । यहाँ रहेका मूर्ति एवम् त्रिशूलहरू पनि घामपानी हावा माटोको प्रतिक्रियाले टुट्दै फुट्दै जाँदैछन् । समग्रमा यो ठाउँ बिस्तारै जङ्गलमा रूपान्तरित हुँदै गएको छ । त्यसैले यस दरबारको जीर्णोद्धार एवम् मर्मतसम्भार गर्नु भनेको दरबार पुनःनिर्माण गर्नु हो । समयमा नै यो दरबार पुनः निर्माण गर्नसके बैतडी जिल्लाको थोरै भए पनि ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्वले जीवन्तता पाउने थियो ।

## ८. उपसंहार

बैतडी जिल्ला धर्म, संस्कृति, साहित्य, कला, वास्तुकला, इतिहास पुरातत्त्वका क्षेत्रमा निकै सम्पन्न छ । यहाँ रणासैनी, निगलासैनी, मेलौलीजस्ता शक्तिपीठ, ईश्वरी गङ्गाधाम जगन्नाथधाम, देवलहाट, पातालभूमेश्वरजस्ता दर्जनौंभन्दा बढी मठमन्दिर एवम् तीर्थस्थलहरू छन् । सर्माली गढी, पनेरूदरबार, सुमेरुकोट र कुल्लेकोट यहाँका महत्त्वपूर्ण पुरातात्त्विक एवम् ऐतिहासिक सम्पदा हुन् । गौरापर्व एवम् उक्त पर्वमा प्रस्तुत गरिने डेउडा र छलिया नृत्य, समाजमा प्रचलित शैव शाक्त धार्मिक परम्पराका अतिरिक्त भूतप्रेत बोक्सी, धामी, देउकी प्रथाजस्ता लोकपरम्पराहरू यस जिल्लाका उल्लेख्य सांस्कृतिक सम्पदा हुन् । देवलहाटका देवलहरू, ईश्वरी गङ्गाधाममा रहेका देवालय, पाटी, रणासैनी भगवती, मेलौली भगवती, जगन्नाथ, केदारनाथजस्ता देवीदेवताका मन्दिरहरूका साथै विभिन्न ठाउँमा पाइएका भगवान् विष्णु, शिव, भगवतीका मूर्ति र शिवलिङ्गलाई बैतडीका कला तथा वास्तुकलाको सूचना दिने महत्त्वपूर्ण सामग्री मानिन्छ । यस्तैगरी यस जिल्लाभित्र पाइने नदी, खोला, झरणा, ताल, तलैया, कुण्ड, पहाड, पर्वत र वनजङ्गल, दोभान, त्रिवेणीजस्ता स्थलहरूलाई सुन्दर प्राकृतिक धरोहरका रूपमा लिन सकिन्छ । यस्ता सम्पदाहरूमध्ये बैतडीको सदरमुकाम दशरथचन्द नगरपालिका वडा नं. १ मा रहेको कुल्लेकोट दरबार खण्डहर पुरातात्त्विक एवम् ऐतिहासिक दृष्टिले निकै महत्त्वपूर्ण छ । त्यसैले यस कोटको तत्काल पुनः निर्माण गर्नुपर्ने देखिन्छ ।

## Reference


| | |
|---|---|
| १. खनाल, मोहनप्रसाद (२०५५) | पश्चिम नेपालको मूर्ति र स्थापत्य, नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.कीर्तिपुर, पृष्ठ ३ |
| २. Ibid पृष्ठ ३ | |
| ३. Pandey, R.N. (1997) | *Making of Modern Nepal, A Study of History, Art and Culture of the Principalities of Western Nepal,* Nirala Publication, New Delhi P. 640. |
| ४. दुलाल, लोकनाथ (२०६१) | प्राचीन नेपाल, पुरातत्त्व विभाग मुखपत्र सङ्ख्या १५८ शिखर वास्तु शैलीका उत्कृष्ट नमुना बैतडी देवलहाटका देवलहरू, पृष्ठ २४ |
| ५. आप्टे, बामन शिवराम (१९६६) | संस्कृत हिन्दी कोश, दिल्ली मोतीलाल बनारसी दास, पृष्ठ ४६४ |
| ६. शर्मा, डिल्लीराज (२०५५) | नेपालको किल्ला वास्तुकला नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर । पृष्ठ १ |
| ७. तिवारी, भोलानाथ (१९६२) | बृहत् पर्यायवाची कोश इलाहावाद किताव महल प्रा.लि. पृष्ठ १६१ |
| ८. अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्री विशाल (२०६३) | प्रयोगात्मक नेपाली शब्दकोश काठमाडौं, विद्यार्थी प्र.प्रा.लि. सम्पादन, पृष्ठ ४९९ |
| ९. Cowie, A.P. (१९९३) | ***Oxford advanced Learner Dictionary,*** New Delhi, Indian Edition, Oxford University Press, Page 485 |
| १०. देवकोटा, रत्नाकर (२०५१) | कर्णाली अञ्चलका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरू, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृष्ठ ६२ |
| ११. शर्मा नेपाल, वसन्तकुमार (२०५७), | नेपाली शब्द सागर (सोपपत्तिक कोश) चाबहिल भाभा पुस्तक भण्डार काठमाडौं, पृष्ठ २६६, २९२, ६६९ |
| १२. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ३ |
| १३. Wheeler, M (1968) | **The Indus Valley Civilization** Cambridge University Press. P.21. |
| १४. शर्मा डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ४-६ |
| १५. शर्मा डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ७ |
| १६. शर्मा डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ८ |
| १७. Mahajan, V.D. (1965) | **Ancient India,** New Delhi, S. Chand & Co. P-P- 234-267 |
| १८. Majumdar, R.C. Chaudhary H.C. Ray & Dutta Kolikinkar (1996) | **An Advanced History of India,** Rajeev Beri for Macmillan, India United Press 4 th Ed. P.P, 418-419 |
| १९. Ibid | P.P. 418-558 |
| २०. Ibid | P.P. 577-589 |
| २१. बज्राचार्य, धनवज्र (२०३०) | लिच्छविकालका अभिलेख, काठमाडौं, नेपाल र एसियाली अध्ययन संस्थान, अभिलेख सङ्ख्या ५८ पृष्ठ २३३-२३५ |
| २२. Rijal, Babu K. (1979) | **Archaeological remains of Kapilvastu, Lumbini Devadaha,** Kathmandu, Education Interprises Ltd., P.P. 32-50 |
| २३. दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (२०५८) | पुरातत्त्व परिचय, काठमाडौं, राज अफसेट प्रेस पृ. २८७-२९३ |
| २४. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ३२ |

| | |
|---|---|
| २५. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ३३ |
| २६. बज्राचार्य, धनवज्र (१९८०) | Contribution of Nepalese study Vol-8, No.1, मध्यकालीन नेपालका एक प्रख्यात राजा शिवदेव पृष्ठ २१३ |
| २७. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ३२-१०६ |
| २८. डा. ओझा, देवीप्रसाद (२०६२) | गोरखापत्र, इतिहासका अमूल्य धरोहर अमरगढी किल्ला वैशाख १७ शनिवार पृ. ग |
| २९. श्री ५ को सरकार सूचना विभाग (२०३१) | **मेचीदेखि महाकाली** भाग ४ पृ. १०३० |
| ३०. अधिकारी, सूर्यमणी (२०५३) | **पश्चिम नेपालको खस अधिराज्य** कीर्तिपुर, नेपाल र एसियाली अध्ययन केन्द्र त्रि.वि. पृष्ठ २८ |
| ३१. बज्राचार्य धनवज्र (२०३०) | उही नं. २१ पृष्ठ २८ |
| ३२. बज्राचार्य धनवज्र (२०३०) | उही नं. २१ पृष्ठ १३ |
| ३३. बज्राचार्य धनवज्र (२०३०) | उही नं. २१ पृष्ठ २८ |
| ३४. दुलाल, लोकनाथ (२०६१) | उही नं. ४ पृष्ठ २९ |
| ३५. सुवेदी, राजाराम (२००५) | **बाईसी राज्यको ऐतिहासिक रूपरेखा** नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि. पृष्ठ ५६ |
| ३६. पाण्डेय, लक्ष्मीदत्त (२०६०) | गोरखापत्र दैनिक, "बैतडीमा पर्यटकलाई तान्ने प्रशस्त सम्भावना" असार २, सोमबार पृ. २ |
| ३७. Pandey R.N. (1997), | The Castle of Kullekakot of the neighbourhood of Baitadi was constructed by King pratap Chand, Mahi Chand, of Champavati & It was under th Possessioln of a descendant th Chand till recently Ibid, P 691 |
| ३८. पाण्डेय, लक्ष्मीदत्त (२०६०) | उही नं. ३६ पृष्ठ २ |
| ३९. भण्डारी जितसिंह, (२०३७) | **महाकाली अञ्चलको संक्षिप्त परिचय,** महेन्द्रनगर पृष्ठ ३२, |
| ४०. शर्मा डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ४४ |
| ४१. अन्तर्वार्ता स्थानीय नारायण चन्द | दशरथ चन्द नगरपालिका वडा नं. १ वर्ष ६५ |
| ४२. खोजी नेपाल (२०५९) **धार्मिक, संरक्षण,** | **बैतडी डडेलधुरा, दैलेख एवम् जाजरकोट जिल्लाको परम्परागत रीतिरिवाज, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको महत्त्वका स्थलहरूको सर्वेक्षण प्रतिवेदन,** श्री ५ को सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति संरक्षण एवम् प्रर्वद्धन महाशाखा, सिंहदरबार, पृ. ५६ |
| ४३. खनाल, मोहनप्रसाद (२०५५) | उही नं. १ पृ. ६९, ७०, ११३ |
| ४४. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ४४ |
| ४५. Pandey R.N. (1997) | Ibid, P 681 |
| ४६. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ४४ |
| ४७. Pandey R.N. (1997) | Ibid, P 681 .There were three stories in it which were called gotha, madela and slpanda respectively |
| ४८. शर्मा, डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ४५ |
| ४९. शर्मा, डिल्लीराज (२०५५) | उही नं ६ पृष्ठ ३ |
| ५०. Pandey R.N. (1997) | Ibid, P 681 |
| ५१. शर्मा डिल्लीराज (२०५५) | उही नं. ६ पृष्ठ ४६ |
| ५२. Pandey R.N. (1997) | Ibid, P 681 At the time of Gorkhali invention of Baitadi it was in the custody of King Jhuli Chand who was cut and stain by the Gorkhalies |


| | |
|---|---|
| ५३. शर्मा डिल्लीराज (२०५८) | पश्चिम नेपालको मूर्ति तथा वास्तुकला काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान । P.No 47 |
| ५४. Banarjee, J.N. 1985 | **The Development of Hindu Iconography,** Delhi, Munshiram, Manoharlal Publisher P. 502 |
| ५५. देवकोटा रत्नाकर, (२०५१) | उही नं. १० पृष्ठ ६२ |
| ५६. क्षेत्री, गणेशप्रसाद रायमाभी, रामचन्द्र (२०५६) | नेपाली कला वास्तुकला, प्रतिमा लक्षण, एशिया पब्लिकेशन्स, बागबजार, काठमाडौं पृष्ठ ७ |
| ५७. शर्मा डिल्लीराज (२०५८) | उही नं. ५३ पृष्ठ ४८ |
| ५८. शर्मा डिल्लीराज (२०५८) | उही नं. ५३ पृष्ठ २१ |
| ५९. शर्मा डिल्लीराज (२०५८) | उही नं. ५३ पृष्ठ २२ |
| ६०. दुलाल, लोकनाथ (२०६१) | उही नं. पृष्ठ ३१ |
| ६१. दुलाल, लोकनाथ (२०६१) | उही नं. पृष्ठ ३१ |
| ६२. दुलाल, लोकनाथ (२०६१) | उही नं. पृष्ठ ३२ |

## स्थलगत अध्ययनका क्रममा सूचना दिने स्रोत व्यक्तिहरु:-

| | |
|---|---|
| १. श्री परशुराम अर्याल | प्र.जि.अ. बैतडी |
| २. श्री परमानन्द भट्ट | का.वा. सभापति, जि.वि.स. बैतडी |
| ३. श्री माया भट्ट | सदस्य, जिवस बैतडी |
| ४. श्री कृष्ण भट्ट | अध्यक्ष, श्री केदार गा.वि.स. बैतडी |
| ५. श्री महेश भट्ट | वडा अध्यक्ष, श्री केदार गा.वि.स. बैतडी |
| ६. श्री लालसिं मौनी | दशरथचन्द न.पा. वडा नं. ९ |
| ७. श्री केदार सिं मौनी | दशरथचन्द न.पा. वडा नं. ९ |
| ८. श्री गोपाल सिं थापा | दशरथचन्द न.पा. वडा नं. ९ |
| ९. श्री मोहन सिं थापा | दशरथचन्द न.पा. वडा नं. ९ |
| १०. श्री प्रेम सिं थापा | दशरथचन्द न.पा. वडा नं. ९ |
| ११. श्री गणेश दत्त भट्ट | दशरथचन्द न.पा. वडा नं. १ |
| १२. श्री दिलाराज भट्ट | दशरथचन्द न.पा. वडा नं. १ |
| १३. श्री शान्ति चन्द | दशरथचन्द न.पा. वडा नं. १ |
| १४. श्री नारायण चन्द | दशरथचन्द न.पा. वडा नं. १ |
| १५. श्री रामदत्त बोगटी | दशरथचन्द न.पा. वडा नं. १ |
| १६. श्री बलदेव भट्ट | वडा सदस्य ८, श्री केदार गा.वि.स. बैतडी |




कुल्लेकोट दरबार



भगवतीको मूर्ति

कुल्लेकोट (Kulle Kot)



# सुब्बा' राणाकालको आरम्भका निजामती कर्मचारी

- डा. भवेश्वर पंगेनी

## परिचय

नेपालमा प्रचलित 'सुब्बा' लाई पल्लोकिराँतको एउटा लिम्बु गाउँको प्रमुख[१], जिल्लामा अमालीको काम गर्ने पदाधिकारी[२], पृथ्वी नारायण शाहको विजयाभियानपछि पराजित राजाको स्थानमा काम गर्ने पदाधिकारी[३], वडाहाकिम[४] तथा जिल्ला प्रशासकका रूपमा परिभाषित गरेको पाइन्छ ।[५]

शाहकालमा पहाडमा मात्र नभएर तराई क्षेत्रमा पनि सुब्बालाई प्रशासन सञ्चालनको जिम्मा दिइन्थ्यो । यस कालमा नेपालको पूर्वी तराई क्षेत्रमा प्रशासनको जिम्मा सुब्बालाई दिइन्थ्यो भने उनीहरूको मातहतमा विभिन्न पदाधिकारी रहन्थे ।[६] कतिपय समयमा सुब्बालाई दूत बनाएको उदाहरणहरू पनि भेटिन्छ ।[७] खासगरी शाहकाल (पृथ्वी नारायण शाहदेखि राणाशासनपूर्वसम्म) मा जिल्ला प्रशासकका रूपमा प्राय: सुब्बालाई नै नियुक्त गरिन्थ्यो भने केन्द्रका कतिपय अड्डाहरूमा पनि सुब्बालाई तैनाथ गरिन्थ्यो । यसरी जिल्ला प्रशासनमा महत्त्वपूर्ण दायित्व निर्वाह गर्ने 'सुब्बा' पदलाई राणाकालमा पनि निरन्तरता दिइयो । सामान्यतया जङ्गी पदाधिकारी राणापरिवारको नियन्त्रण रहेको मुलुकको शासनव्यवस्थामा निजामती पदका रूपमा रहेको 'सुब्बा' पदको गरिमा भने

---

१. महेश सी. रेग्मी, ल्याण्ड टेनुयर एण्ड ट्याक्सेशन इन नेपाल, काठमाडौं, रत्नपुस्तक भण्डार, ई.सं. १९७८, पृ. ८६५ ।

२. जगदीशचन्द्र रेग्मी, नेपालको वैधानिक परम्परा (प्रारम्भदेखि ई. १८४६ सम्म), प्रकाशन स्थान अनुल्लिखित, तन्नेरी प्रकाशन, वि.सं. २०५४, पृ. २०६ ।

३. फ्रान्सिस बुचानन हेमिल्टन, एन एकाउण्ट अफ द किङ्गडम अफ नेपाल, न्यूदिल्ली: एशियन एजुकेशनल सर्भिस, ई.सं. १९८६, पृ. १०४-०५ ।

४. हेमनारायण अग्रवाल, द एड्मिनिष्ट्रेटिव सिस्टम अफ नेपाल (फ्रम ट्रेडिशन टु मोडर्निटी), न्यूदिल्ली: विकास पब्लिसिङ हाउस प्रा.लि., ई.सं. १९७६, पृ. ७ ।

५. कोलोनेल कर्कपेट्रिक, एन एकाउण्ट अफ द किंगडम अफ नेपाल (विइङ द सब्स्टेन्स अफ अब्जर्भेशन मेड डुयुरिङ ए मिशन टु दायट कन्ट्री इन द एर १९७३), न्यूदिल्ली: एशियन पब्लिशिङ् सर्भिस, ई.सं. १९७५, पृ. २०२ ।

६ ज्ञानमणि नेपाल, नेपालको महाभारत (भण्डारखाल आदि पर्व संग्रह), प्रकाशन स्थान अनुल्लिखित, साझा प्रकाशन, वि.सं. २०५०, पृ. ९२ ।

७. बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (ई.सं. १७२३-७५) भाग-४, नेपाल श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, वि.सं. २०२६, पृ. ७१७

राणाशासनको अन्त्यतिर आइपुग्दा घट्दै गएको उदाहरण पाइन्छ ।

मुलुकमा भएको प्रजातान्त्रिक आन्दोलनका क्रममा वि.सं. २००७ साल कार्तिक २१ गते सोमबारका दिन राजा त्रिभुवन राजदरबारबाट स-परिवार काठमाडौं स्थित भारतीय राजदूतावासमा गएको भोलिपल्ट कार्तिक २२ गते कम्याण्डर इन. चीफलगायत केन्द्रीय प्रशासनका २५८ जङ्गी तथा निजामती कर्मचारीहरूले हस्ताक्षर गरेको पत्रको २४५ औं नम्बरमा भगवतीप्रसाद सिंह एक जनामात्र सुब्बा देखिनु यसको ज्वलन्त उदाहरण हो ।[८] यसै सन्दर्भमा सो घटनाको पाँच वर्ष अगाडि वि.सं. २००२ सालमा नेपालको केन्द्रीय प्रशासनमा ७४, तीनसहर काठमाडौंमा ६, पूर्वमा १९, पश्चिममा १२ तथा पश्चिम पहाडमा ६ जना गरी जम्मा ११७ जना सुब्बा कार्यरत रहेको देखिन्छ ।[९] जेहोस् राणाकालको आरम्भसम्म मुलुकको प्रशासनमा सुब्बाको हैसियत बाँकी नै रहेको देखिन्छ । यसै सन्दर्भमा जङ्गबहादुरले सत्ता सम्हालेको तेस्रो वर्ष अर्थात् १९०७ साल फागुन महिनामा सुब्बा लक्ष्मा (मी ?) पति जैसिलाई दिइएको अधिकारबाट उक्त कुराको यथार्थता जान्न सकिन्छ । सोही सामग्रीका आधारमा प्रस्तुत लेखमा सुब्बाको अधिकार एवम् कर्तव्यका सम्बन्धमा यथाशक्य विस्तृत जानकारी दिने प्रयास गरिएको छ ।

## 'सुब्बा' पद

आधुनिक कालको पूर्वसन्ध्यादेखि नेपाल कतिपय राज्यमा प्रचलित 'सुब्बा' पद मुगलकालीन भारतमा पाइँदैन । त्यस्तै नेपालको प्राचीन र मध्यकालीन इतिहासमा पनि यो पद देखिँदैन । लिच्छविकालमा यहाँ भट्टारक (राजा), कुमारामात्य, महासामन्त, अमात्य, प्रतिहार, दण्डनायक, वलाध्यक्ष आदि जस्ता पदाधिकारी रहेको चर्चा पाइन्छ ।[१०] मध्यकालसम्म आइपुग्दा यहाँ ठाकुर-राजा, महाराजाधिराज, भारो, अमात्य, भट्टारक, प्रमान आदि जस्ता थुप्रै पदहरू प्रचलनमा रहेका थिए ।[११] मध्यकालमा नै राजामुकुन्द सेन 'प्रथम' ले पाल्पाको सीमाना बढाइ पूर्वमा दूधकोशी[१२] पश्चिममा कुमाउँ[१३] तथा तराईतर्फ मोरङ्गदेखि गोरखपुर क्षेत्रसम्म पुर्‍याएको मानिन्छ ।[१४] पाल्पा राज्यलाई आधुनिक नेपालको आधाभन्दा ठूलो बनाए तापनि मुकुन्द सेन 'प्रथम' को मृत्युपछि टुक्रिन पुग्यो । परिणामस्वरूप मध्यकालको अन्त्यतिरसम्म आइपुग्दा बृहद् पाल्पाली सेन राज्य विजयपुर,

---

८. गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण (भाग-१), काठमाडौं, ध्रुवबहादुर देवकोटा, वि.सं. २०३६, पृ. २७-३२

९. क. निजामती थमौति (पहिलो), राष्ट्रिय अभिलेखालय, काठमाडौं, वि.सं. २००२, सि.नं. ५८१
ख. निजामती थमौति (फुटकर), राष्ट्रिय अभिलेखालय, काठमाडौं, वि.सं. २००२ ।
ग. निजामती थमौति (मधेस पूर्व किताब) राष्ट्रिय अभिलेखालय, काठमाडौं, वि.सं. २००२ ।
घ. निजामती थमौति (मधेस पश्चिम किताब) राष्ट्रिय अभिलेखालय, काठमाडौं, वि.सं. २००२ ।
ङ. निजामती थमौति (पहाड पश्चिम गौंडा, राष्ट्रिय अभिलेखालय, काठमाडौं, वि.सं. २००२ ।

१०. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३५, पृ. २४, २८, ३१-३२, ३५-३७, ४२, ४८-५०, ५६,५९, ७०, ७३ ।

११ धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्यासहित), काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५६, पृ. ११३, ११५, ११७, १३०-३१, १३९, १४०-४१, १४६-४७, १४९, १६३, १६५, १६७, १८८-८९, १९६, २०२, ४०४, ४३८, ४६०, ४६९-७०, ४७६-७७, ४८५, ५०१, ५०३, ५३४ ।

१२ शङ्करमान राजवंशी, (सम्पा.), सेनवंशावली, काठमाडौं: श्री ५ को सरकार, पुरातत्त्व विभाग, वि.सं. २०४०, पृ. २४ ।

१३ भिमबहादुर पाण्डे क्षेत्री, राष्ट्रभक्तिको झलक: पाण्डे वंशको भूमिका (वि.सं. १५९६-१९०४), काठडमौं, रत्नपुस्तक भण्डार, वि.सं. २०३४, पृ. १ ।

१४ मेचीदेखि महाकाली (भाग-३), काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं. २०३१, पृ. ७७३ ।

चौदण्डी, मकवानपुर, तनहुँ र पाल्पा गरी छुट्टाछुट्टै पाँच राज्यमा विभाजित भयो । यति भए तापनि सेनराज्यहरूमध्ये पाल्पा प्रभावशाली नै रह्यो । प्रशासनिक दृष्टिबाट राजपरिवारका अतिरिक्त यस राज्य गुरुपुरोहित, सचिव, काजी, दिवान, सरदार, खजाञ्ची, मुन्सी, कारिगर, दरोगा, द्वारे, ज्योतिषी, खरिदार आदि मात्रको नाम उल्लेख पाइन्छ ।[१५]

नेपालका पश्चिमी राज्यहरूमा इशाको सोह्रौंदेखि अठारौं शताब्दीसम्म 'जिल्ला' को स्पष्ट उल्लेख नभए तापनि 'विषय' को भने चर्चा पाइन्छ । यस्ता विषय अर्थात जिल्लामा 'सुब्बा' लाई प्रशासक बनाइने कुरा पनि प्रकाशमा आएको छ । यस्ता सुब्बा निजामती अधिकारी भएको र उसले सैनिक कमाण्डरको निरीक्षणमा जिल्लाको प्रशासन सञ्चालन गर्ने, उसलाई 'उमरा' नामक सैनिक अधिकारीले सघाउने, सुब्बाले फौजदार र इजारादारको सहयोगमा जिल्ला राजस्व सङ्कलन गर्ने काम गर्दथे भन्ने जस्ता सन्दर्भहरू पनि पाइन्छन् ।[१६] त्यस्तै पूर्वी नेपालका (विजयपुरक्षेत्र) 'सेन' राजा लोहाङ्ग सेनले किराँत प्रदेशलाई पाँच भागमा विभाजन गरी प्रत्येकलाई एक जना 'सुब्बा' को मातहतमा राखेको भन्ने पनि पाइन्छ ।[१७]

सामान्यतया मुगलकालीन भारतको प्रशासनिक पदहरूलाई पनि नेपालमा अनुसरण गरेको थुप्रै उदाहरण पाइन्छ । त्यहाँको प्रशासनिक पदको अध्ययन गर्दा सिक्दर, फोतादार, खाजिनादार, कानुगोय, चौधरी, आमिन, तहविल्दार, कोतवाल, थानादार, जमिन्दार[१८], बक्सि, दरोगा, मुन्सिफ, दिवान, वकील[१९] आदि प्रचलनमा देखिन्छन् । यिनमा 'सुब्बा' पदको उल्लेख भने पाइँदैन । त्यसो त भारतीय राज्यमा Subha, Soobah उल्लेख गरेर त्यसको अर्थ 'मुगल तथा मराठा शासनअन्तर्गत प्रशासनिक क्षेत्र वा जिल्ला' हो तथा Subha को अर्को अर्थ 'शुभ' समेत भएको कुरा विल्सनले उल्लेख गरेका छन् । विल्सनले सुभदार, सुभेदारी लगायत शब्दको प्रशासनिक अर्थ दिए तापनि नेपालमा प्रचलित 'सुब्बा' पदको उल्लेख भएको भने पाइँदैन ।[२०]

यो अध्ययनले पनि 'सुब्बा' पद राजा पृथ्वीनारयण शाहको विजयाभियान पूर्व पूर्वी सेनराज्यका अतिरिक्त अन्यत्र प्रचलनमा रहेको पाइँदैन । त्यसो त कतिपय नेपाली विद्वानले मुगलकालीन भारतमा प्रान्तका प्रमुखलाई 'सुब्बा' भनिएको कुरा पनि उल्लेख गरेका छन्[२१] जसको उदाहरण भने देखिँदैन ।

## सुब्बाको प्रशासनिक क्षेत्र तथा मातहतका कर्मचारी

सुब्बा लक्ष्मीपतिलाई अरानदि पूर्व श्रीकृष्णगण्डकी पश्चिम पाल्पा जिल्ला बुटवलअन्तर्गत प्रगन्ना विनायकपुरमध्ये खजहनी, माझखण्ड तप्पासमेत-१, नवलपुर-१, मह्याक जगात-१, ठेकहि चौतारा-१, जिल्ला पाल्हीअन्तर्गत विनायकपुर, स्युपुरमध्ये प्रगन्ना तेलपुर-१, जिल्ला प्युठानाअन्तर्गत स्युराज र मलमलासमेतमा गएर काम गर्ने क्षेत्र तोकिएको थियो । निर्धारित स्थानमा सुब्बाका

१५. विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास (सेनकालीन) भाग-१, चितवन: श्रीमती पद्मा घिमिरे, वि.सं. २०४५, पृ. ७६

१६. रामनिवास पाण्डे, मेकिङ अफ मोडर्न नेपाल: ए स्टडी अफ हिस्ट्रि, आर्ट एण्ड कल्चर अफ द प्रिन्सिपलीटीज अफ वेस्टर्न नेपाल न्यूदिल्ली, निराला पब्लिकेशन्स, ई.सं. १९९७, पृ. ४०७ ।

१७. इमानसिंह चेम्जोङ, किराँत इतिहास, ललितपुर: किराँत याक्थुङ चुम्लुङ, वि.सं. २०५९, पृ. ३१-३२ ।

१८ स्टिग हुसेन कुरेशी, द एडिमिनिस्ट्रेशन अफ द मुगल एम्पायर, दिल्ली: लो प्राइस पब्लिकेशन्स, ई.सं. १९९०, पृ. २२७-२४७ ।

१९ इब्न हसन, द सेन्ट्रल स्ट्रक्चर अफ द मुगल एम्पाएर एण्ड इट्स प्राक्टिकल वर्किङ अप टु द यर १६५७, न्यूदिल्ली: मुन्सिराम मनोहरलाल पब्लिशर्स प्रा.लि., ई.सं. १९८०, पृ. ७५-७६, ८०, ८३-८४, १६५, १७५ ।

२० एच.एच. विल्सन, ए ग्लोसरी अफ जुडिसिएल एण्ड रिभेन्यु टर्मस् एण्ड अफ युजफुल वर्डस् अकोरिङ इन अफिसिएल डकुमेण्टस् रिलेटिङ टु द एड्मिनिष्ट्रेशन अफ द गभर्मेण्ट अफ ब्रिटीश इण्डिया, दिल्ली: मुन्सिराम मनोहरलाल, ई.सं. १९६८ पृ. ४९१ ।

२१ तुलसीराम वैद्य र त्रिरत्न मानन्धर, आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१), प्रकाशन स्थान अनुल्लिखित, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. ३४ ।

रूपमा उनले एक वर्ष अमानत असुल-तहसिलको काम गर्नु पर्दथ्यो । उक्त काममा सुब्बालाई सघाउनका लागि कोतवाल-१, तहविल्दार-५, बहिदार-६, डिठ्ठा-१, फौजदार-३, फोजदारवहिदार-१, बजारका चौधरी-२, ज्मादार-४, हवलदार-८, पिपाजमदार-१, कामी-२, तासा-२, सिकर्मी-१, कोत्या मेजर अजिटन-३, अम्दार (?)-८, पिपा-१६, वाँसुरी-२, मार्फा-२, निसान-२, सिपाही-८५, सार्की-२, तवल-१, भेरी-२ समेत जम्मा १६० जना कर्मचारी तैनाथ गरिएका थिए ।

## तलव सुविधा

सुब्बाका हैसियतमा लक्ष्मीपति जैसीलाई बाह्र आना फर्कावादी, चार आना मोहर गरी जम्मा रुपैयाँ १८०० तलव सुविधा ताकिएको थियो । त्यस्तै उनको मातहतका कर्मचारीको तलव तथा मसलन्दलगायतको एक वर्षको खर्च रू. १२०४५॥। समेत जम्मा १३८४५॥। खर्च हुने देखिन्छ । सो जम्मा खर्च रकममध्ये गोरखपुरी १२ गंडि रुपैयाँ १११३॥।., रिकापी रुपैयाँ ८७५॥, मोहर रुपैयाँ १६०५, काला पैसा रुपैयाँ ८१००, फर्कावादी रुपैयाँ १६०० र सिका रुपैयाँ ५५१॥। थियो । कर्मचारीको तलव सुविधाको जहाँसम्म सन्दर्भ छ एउटै पदमा रहको व्यक्तिहरूलाई पनि बढी र घटी तलव दिइएको पाइन्छ । जस्तो पाल्हीका फौजदारलाई २६० रुपैयाँ तलव थियो भने स्युराजका फौजदारलाई १५० मोहर आधा रिकापी आधा रुपैयाँ दिइएको देखिन्छ । त्यसैगरी माझखण्डका फौजदारलाई मोहर रुपैयाँ २५० दिइएको थियो । तहविलदारलाई पनि त्यसरी नै तलव सुविधामा फरक गरेको देखिन्छ । यसै प्रसंगमा उनीहरूलाई दिइएको तलवमा विभिन्न नामका रुपैयाँ प्रयोग भएकाले तिनको सतहीदरको मूल्यमा फरकका आधारमा फरक हुन गएको हो वा दिइने विभिन्न नामका रुपैयाँको महत्त्व एउटै भए तापनि एउटै काममा तैनाथ गरिने फौजदारलाई फरक तलव दिइएको हो सोको विषयमा अझ अध्ययन/अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

तलव सुविधाको सन्दर्भमा राणाशासनको आरम्भमा मुलुकका विभिन्न तहका कर्मचारीलाई के कस्तो दरमा तलव दिइन्थ्यो भन्ने विषय पनि प्रशासनिक इतिहासको अध्ययन-अनुसन्धानमा संलग्न व्यक्तिसमेतलाई चासोको विषय हुने भएकाले सुब्बा लक्ष्मीपति जैसिको मातहतमा रहको निजामती तथा जङ्गी कर्मचारीलाई दिइएको तलव दरको अध्ययनबाट स्पष्ट हुन्छ । यसै सन्दर्भमा कोतवाललाई-३००, वहिदारलाई-७५, तहविलदारलाई-५०, डिठ्ठालाई-२०० र तहविलदारलाई-७५ गोरखपुरी १२ गंडी रुपैयाँ तलव दिइन्थ्यो । यसैगरी फौजदारलाई-२६०, तहविल्दारलाई-४०, वहिदारलाई-७५ सिक्का रुपैयाँ तलवदर ताकिएको थियो । कतिपय फौदार र तहविलदारलाई मोहर आधा रिकापी आधा रूपैयाँ क्रमश: रू. १५० र ६० निर्धारण गरिएको देखिन्छ । यसरी दिइने तलव दरमा पनि फरक रहने कुरा माथि उल्लेख भइसकेको छ । यसैगरी जिल्लामा निश्चित कार्यका लागि खटिएका वल्लभजंग कम्पनीका कोतवालदेखि सिपाहीसम्मका विभिन्न पदाधिकारीलाई कम्पनीको काला पैसामा तलवदर ज्मादार-२०५, हवलदार-७०, पिपाजमदार-५०, कामी-४५, सिकर्मी-४०, कोत्या मेजर अजिटन-१२५, अम्दार (?)-६५, पिपा-४०, वाँसुरी-३५, मार्फा-४०, निसान्-६७॥, सिपाही-५०, सार्की-४०, तवल-५० र भेरी-४५ दिइएको देखिन्छ ।

## दायित्व[२२]

सुब्बा लक्ष्मीपतिलाई बुटवल क्षेत्रमा बसेर काम गर्नका लागि दिइएको सवालमा देहायका प्रमुख कार्यको जिम्मा दिइएको थियो । उनलाई दिइएको अधिकारबाट राणाशासनको आरम्भमा

२२ सुब्बा लक्ष्मीपति जैसिलाई अरानदि पूर्व श्रीकृष्ण गण्डकी पश्चिम पाल्पा जिल्ला बुटवल प्रगन्ना विनायकपुरमध्ये खजहनी, माझखण्डका तप्पासमेत तप्पा नवलपुर, महयाक जगात, जिल्ला पाल्ही प्रगन्ना विनायकपु, स्युपुरमध्ये प्रगन्ना तेलपुर जिल्ला प्यूठानअन्तर्गत स्युराजसमेतका मधेस पहाडको सम्वत् १९०७ सालको रकमका मितिदेखि रकमरकमका मितिसम्म वर्ष १ अमानत असुल तहसिल गर्न वि.सं. १९०७ साल फागुन वदि ९ रोज ३ मा दिइएको पत्र । विस्तृत जानकारीका लागि यो पत्र परिशिष्टमा दिइएको छ ।

विभिन्न क्षेत्र (जिल्ला) मा तैनाथ सुब्बालाई खासगरी राजस्व सङ्कलन गर्ने, पजनी सम्बन्धी कार्य, मातहतका कर्मचारीले आर्थिक लाभमा परी बेइन्साफि गरे/नगरेको हेर्ने, जमिन जाँच, गुल्जार गर्ने, भारतीय सीमानामा हुने अपराधपूर्ण क्रियाकलाप रोक्ने, दुवै देशबीच सु-सम्बन्ध कायम गर्ने आदि जस्ता कामको दायित्व दिइएको थियो ।

## राजस्व सङ्कलन

सुब्बाको एउटा प्रमुख दायित्वमा आफ्नो क्षेत्रबाट राजस्व सङ्कलन गर्ने परेको देखिन्छ । यो दायित्व अन्तर्गत सुब्बाले जिल्ला/तप्पामा मुनसिफले नाप गरी दिएको जमिनबाट नियमानुसार एक दामसम्म बाँकी नरहने गरी राजस्व सङ्कन गरी तोसाखानामा पठाउनु पर्दथ्यो । त्यतिमात्र नभएर सुब्बाले फौजदारले तहसिल गरेको कागजका आधारमा राजस्व रकम असुल भए-नभएको बुझेर असुल नभएको ठाउँको राजस्व पनि उठाउनु पर्दथ्यो । यस्तै नियमानुसार रकम नदिने रैतिका बारेमा फौजदारले जानकारी दिएमा सुब्बाले आफ्नो तैनाथका मानिस अर्थात सिपाहीको सहयोगमा त्यस्ता रैतिबाट राजस्व उठाउनु पर्दथ्यो । निश्चित क्षेत्रमा निश्चित राजस्व रकम सङ्कलनका लागि सरकारले अन्य विभिन्न पदाधिकारीलाई पनि अधिकार दिएको पाइन्छ । यसरी रैतिसित नियमानुसार उठाउनु पर्ने किस्ता रकम पुऱ्याउन नसक्नेबाट सुब्बाले 'किस्ता फि' असुल गरी सोसमेत सबै रकम केन्द्रमा दाखिला गर्नुपर्दथ्यो । मातहतका कर्मचारीबाट मात्र नभएर सुब्बाले आफैँले पनि निर्धारित क्षेत्रबाट किस्तामा रूपैयाँ असुल गर्न नसकेका खण्डमा किस्ता फि रूपैयाँका दरले केन्द्रमा बुझाउनु पर्दथ्यो । किस्ता रूपैयाँ असुल गर्दा महिनामहिनाको किस्ता फौजदार मार्फत् असुल गराई तोसाखानामा पठाउनुका अतिरिक्त जागिरदारलाई भर्ना गरिएको जमिनको छुट्टाछुट्टै फाँटवारी तयार गर्नुपर्दथ्यो । फौजदारले रकम हिनामिना गरेको ठहरेमा निजसँग किस्ता फि रूपैयाँका दरले असुल गर्ने निर्देशन पनि सुब्बालाई दिइएको थियो । यहाँनिर उल्लेख्य कुरा के पनि देखिन्छ भने वि.सं. १९०७ साल माघ महिनादेखि १९०८ साल कार्तिकसम्म एक वर्षको राजस्व रकम ४ किस्तामा दाखिला गर्न सुब्बालाई निर्देशन दिइएको थियो ।

## जमिन जाँच/गुल्जार गर्ने

जिल्ला-जिल्ला, प्रगन्ना, मौजा-मौजमा सदर मुनसिफ र मोफसलका मुनसिफले नाप गरेको जमिन पनि सुब्बाले जाँच्न लाउनु पर्दथ्यो । यसरी जाँच गर्दा मुनसिफले घुस खाई बेकाइदा गरेको भेटिएमा त्यस्तालाई दण्ड गर्ने तथा दण्ड वापत प्राप्त रकम राजस्वमा जम्मा गर्ने कार्य पनि सुब्बाको थियो । धेरै राजस्व तोकिनु, खडेरीका कारणलगायत अन्य कारणबाट मधेशका भलामानिस लगायत रैतीहरू आफ्नो क्षेत्र छाडेर अन्यत्र बस्न जाने प्रचलन राणाशासनको अन्त्यसम्म पनि देखिन्छ । यसरी मानिसहरू अन्यत्र गएमा सो क्षेत्रबाट उठ्ने राजस्व रकम कमी हुन जान्थ्यो । त्यसैकारण बाहिर गएका मानिसहरूसँग सल्लाह गरी उनीहरूलाई झिकाएर सुब्बाले आफ्नै इलाकामा बसाउनु पर्दथ्यो । त्यसो त मधेशका मानिसलाई आफ्नो क्षेत्रमा बस्ने वातावरण बनाउने दायित्व पनि सुब्बाको नै हुन्थ्यो । यसै सन्दर्भमा सुब्बाले जनतालाई सुविधा दिने क्रममा आफ्नो क्षेत्रमा मधेशमा नियमानुसार मञ्जुरी दिएर पनि कुलो-पैन खनाई बाँझो जमिन आवाद गर्नु पर्दथ्यो । यति भए तापनि कालाबंजरमा बसेका रैतिलाई भने कुनै कुराको टंटा लगाउनु हुँदैनथ्यो । वि.सं. १२०७ भन्दा पहिले पुरानो आवादी मौजा मासी कसैले आफ्ना मौजामा मिलाउने गरी जमिन भत्काई आवाद नगरेको भए तापनि अब भने पहिले पाएका व्यक्तिले जुन गाउँको जति जोत गर्न सक्दछन् त्यतिमात्र छुट्याई बाँकीमा गाउँबसाई जमिन आवाद गराउने दायित्व सुब्बालाई दिइएको थियो ।

## भारतसँग सम्बन्ध

नेपाल-भारत सीमावर्ती क्षेत्रमा तैनाथ गरिने सुब्बालाई दुई देशबीच सुसम्बन्ध स्थापना गर्ने तथा आपराधिक क्रियाकलाप रोक्ने दायित्व पनि दिइएको पाइन्छ । जस्तो मोगलानीया अर्थात् भारतीयसँग नेपालीको लेनदेनका क्रममा झगडा भएमा जिल्लाको कचहरीमा भएको बिस्तार बुझी कचहरीबाट सनद (लिखत) गर्नु परेका खण्डमा अमाली, फौजदार जस्ता मातहतका कर्मचारीबाट तथा जज, मजिस्ट्रेट जस्ता उच्च पदस्थ अधिकारीको नाममा लिखत गर्नुपरेमा भने सुब्बा आफैले लेख्नु पर्दथ्यो ।

त्यस्तै कचहरीको निर्णय बिना कुनै नेपालीले भारतीयलाई गिरफ्तार गऱ्यो भने त्यस्तालाई दण्ड गर्ने तथा गिरफ्तार गरिएको भारतीयलाई छाडिदिने निर्देशन दिइएको थियो । त्यति भए तापनि यदि आफ्नो तमसुकी रकमलगायत गाई, भैंसी, वयलगाडीलगायत भारतीयले लिएको र सो माग्न जाँदा नदिएको भनी नेपालीले नियमानुसार कचहरीमा नालिस गरेका खण्डमा भने फौजदारबाट विषयको विस्तार लेखाई भारतीय ठानादारलाई सो लिखत दिनुपर्दथ्यो । भारतीय मजिष्ट्रेटको नाममा यस्तो लिखत लेख्नु परेमा सो भने सुब्बा आफैले लेखी यस्ता लेनदेनको झगडा आफै मिलाउने प्रयास गर्थे । यो प्रयासबाट पनि झगडा नमिलेमा पाल्पामा रहने अख्तियारवाला भारदार समक्ष सोधी जवाफबमोजिम सुब्बाले काम गर्नु पर्दथ्यो ।

दक्षिण सीमा क्षेत्रमा कुनै गडबड हुन नदिनका लागि नेपाल सरकार निकै सचेत देखिन्थ्यो । सीमाना सम्बन्धमा कुनै पनि किसिमले आफ्नो तर्फबाट झगडा हुने काम नगर्न सुब्बालाई कडा निर्देशन दिइएको थियो । यति हुँदाहुँदै पनि यदि कुनै रैतिले दुई देशबीच झगडा हुने किसिमको हरकत गरेका खण्डमा भने त्यसता व्यक्तिलाई गिरफ्तार गरी कायल गरेपछि पाल्पाका भारदारसमक्ष पुऱ्याउनु पर्दथ्यो । भारतका जुनसुकै राज्य वा भारतीय सरकारबाट गुप्तरूपमा चिवाचर्चा गर्ने सन्दर्भमा कसैको पत्रका साथ कोही नेपालको सीमानाभित्र प्रवेश गरेका खण्डमा वा नेपालबाट पनि कोही राहदानी नलिई गुप्त तवरबाट भारततर्फ जाने प्रयास गरेमा त्यस्तालाई गिरफ्तार गर्नका लागि सुब्बाले मातहतका चौकी, लसकर (सैनिक टोली) लाई निर्देशन दिनु पर्दथ्यो । निर्देशानुसार गिरफ्तार गरिएका व्यक्तिलाई कायल गराएर बन्दी बनाउने र सोको विस्तृत जानकारी पाल्पामा रहेका अख्तियार भारदार मार्फत केन्द्रमा पठाई प्राप्त निर्देशानुसार गर्नुपर्दथ्यो । यसका अतिरिक्त विभिन्न कसुर लागी भाग्ने भगुवा-नसुवा तथा चोर-डाँकालाई निकै निगरानी गर्ने र त्यस्ता अपराधी फेला परेमा तिनलाई गिरफ्तार गरी बन्दी बनाई पाल्पामा रहेका अख्तियार भारदार मार्फत केन्द्रमा सोध्ने तथा त्यहाँबाट प्राप्त निर्देशानुसार कारबाही गर्ने जिम्मेवारी पनि सुब्बाको हुन्थ्यो ।

भारतीय सीमा क्षेत्रमा काम गर्ने भएकाले कतिपय अवसरमा सुब्बालाई भारतीय अधिकारी तथा कर्मचारीले विभिन्न उपहार, सौगात, सरसलामी आदि पनि दिने गरेको पाइन्छ । सामान्य रैतिलगायत जोसुकै भारतीयले खुसिराजी कुनै नजराना, सरसलामीलगायतका सौगात दिएमा सो लिनका लागि सरकारले सुब्बालाई इजाजत दिएको थियो । तर झगडामा संलग्न व्यक्तिबाट कुनै किसिमको नजरानालगायत लिन भने सुब्बालाई कडा नियन्त्रण गरिएको थियो । यति हुँदा पनि त्यस्ता नजराना लिएर बेइन्साफ गरेका खण्डमा भने सुब्बालाई जरिवाना गरिन्थ्यो ।

### न्याय सम्पादन

सम्बन्धित क्षेत्रमा खटिएका कतिपय कर्मचारीले व्यक्तिगत स्वार्थका कारण जनतालाई अन्याय गर्ने, जमिन/राजस्वको दुरुपयोग गर्ने जस्ता आचरण गरेको पाइन्छ । कर्मचारीबाट हुने यस्ता अनियमिततालाई रोक्नका लागि सरकारले विभिन्न निर्देशनहरू दिनुका अतिरिक्त दण्डसजायको व्यवस्थासमेत गरेको देखिन्छ । यसै सन्दर्भमा वि.सं. १९०६ सालदेखि सरकारबाट कसैलाई विर्ता, फिकढार, वेख, मरवट दिनु परेमा सुब्बाको नाममा दस्तावेज गरिने व्यवस्था मिलाइएको थियो । यसरी जमिन छुट्याउँदा घुस लिएर तोकिए भन्दा बढ्ता जमिन दिएमा सुब्बालाई नै सर्वस्व गरिने व्यवस्था गरियो । त्यतिमात्र नभएर उल्लिखित क्षेत्रका सुब्बालाई चौधरी, कानुगोयलगायत मातहतका कर्मचारीलाई अर्घेलो गर्न नदिने तथा आफूले पनि गर्न नहुने कुराप्रति सचेत गराइएको थियो । यसका अतिरिक्त सुब्बाले तोकिए बाहेक स-साना कुरा पर्न आएमा आफैले आँट्ने तर केही ठूलो कुरा परी आँट्न नसकेमा पाल्पामा रहने अख्तियार भारदार मार्फत केन्द्रमा सोध्ने तथा प्राप्त निर्देशनबमोजिम काम गर्नुपर्दथ्यो । फौजदार, अमालीलगायत मातहतका कर्मचारीले अन्याय, पक्षपात गरेमा वा रैतिबीच झगडा भएमा सुब्बाले पंचभलाद्मीको रोहवरमा वादीप्रतिवादी दुवै थरलाई एकसाथ राखेर यथार्थ बुझी न्याय दिने र नियमानुसार दण्ड/जिताउरी लिने गर्नुपर्दथ्यो । असाधारण प्रकृतिका अर्थात ज्यान मार्ने, चोरी, गोवध आदि जस्ता अपराधमा संलग्न भएको सावित भएका अपराधीका सम्बन्धमा भने त्यस्तालाई कायलनामा

लेखाई पाल्पामा रहेका अख्तियार भारदार मार्फत् केन्द्रमा जानकारी गराउने र प्राप्त निर्देशन बमोजिम कारवाही गर्ने दायित्व सुब्बालाई दिइएको थियो । यसरी न्याय सम्पादन गर्दा नियमानुसार आम्दानी हुने रकमको ६ प्रतिशत सुब्बाले लिन पाउँथे । त्यस्तै जागिरदार, रैति वा अन्य कसैले कुनै अपराध गरेको फिराद (उजुर) पर्न आएमा सुब्बाले पंच भलाद्मी राखी तहकिकात कागज गराई झगडा गर्नेलाई गिरफ्तार गरी सो को विस्तारसमेत पाल्पामा अख्तियार भारदार समक्ष जानकारी गराई प्राप्त जवाफ बमोजिम कारबाही गर्नु पर्दथ्यो ।

## पजनी

सुब्बालाई मातहतका कर्मचारीलगायत राजस्व सङ्कलन गर्ने निकायका कर्मचारीको पजनीको अधिकार पनि दिइएको पाइन्छ । खासगरी सुब्बाले सरकारबाट पजनी हुने फौजदार, चौधरी, मुकदम, कानुगोये, पटवारीलगायतको पजनी गर्दथ्यो । यस्ता कर्मचारीको पजनीको सिफारिश गर्दा दामकाम पुऱ्याउन सक्ने तथा कथंकदाचीत रकम बाँकी रहन गएका खण्डमा सो रकम बोक्न सक्नेलाई 'बेलामा रूपैयाँ पुऱ्याउँला बेलामा रुपैयाँ नपुग्या मेरा घरघरानाबाट तिरुला' भन्ने कवुलियत लेखाई पाल्पाका अख्तियार भारदारमार्फत केन्द्रमा सोधी दस्तखतबमोजिम गर्नु पर्दथ्यो । यसरी केन्द्रमा सिफारिश गर्दा एक जनाले दुई खान्गी खान नपाउने व्यवस्था गर्नुपर्ने हुन्थ्यो । यति हुँदाहुँदै पनि एक जनाले दुई खान्गी खाएको ठहरेमा त्यस्ता कर्मचारीलाई सुब्बाले दण्ड गर्नु पर्दथ्यो ।

## निष्कर्ष

राजा रणबहादुर शाहको शासनकालमा जिल्ला प्रशासकका रूपमा अत्यधिक मात्रामा देखिने 'सुब्बा' को केन्द्रीय प्रशासनमा भएको पहुँचका आधारमा अधिकार बढी तथा घटी दिइने गरेको पाइन्छ । कतिपय जिल्लामा तैनाथ सुब्बालाई आफ्नो क्षेत्रमा प्रशासन सञ्चालनका क्रममा आइपर्ने सबै किसिमका कार्य सम्पादन गर्ने अधिकार दिइएको हुन्थ्यो भने कतिलाई निश्चित काममात्रको दायित्व दिइन्थ्यो ।

मुलुकको शासनव्यवस्थामा हालीमुहाली गरेका जङ्गबहादुरको कार्यकालको आरम्भसम्म पनि प्रशासनमा सुब्बा पद यथावत् रहेको पाइन्छ । यति हुँदाहुँदै पनि सुब्बालाई जिल्लाको प्रशासक बनाउने कार्य भने देखिँदैन । जिल्ला प्रशासकका रूपमा अब भने जङ्गी पदाधिकारी राणालाई तैनाथ गरियो । सुब्बा पदलाई निजामतीका रूपमा लिएर गैर राणालाई नियुक्त गरियो । त्यस्तै उनीहरूलाई पहिलेजस्तै अधिकार पनि दिइएको देखिँदैन ।

जहाँसम्म सुब्बा लक्ष्मीपति जैसिको सन्दर्भ छ उनलाई दिइएका माथि उल्लिखित अधिकार सामान्य प्रकृतिका देखिन्छन् । उनले राजस्व सङ्कलन गर्ने कार्य नै प्रमुख दायित्वका रूपमा पाएका थिए । त्यसका अतिरिक्त कतिपय विषयहरूमा पाल्पामा रहेका अख्तियारवाला भारदारको निर्देशनअनुसार गर्नुपर्दथ्यो । त्यतिमात्र नभएर न्याय सम्पादन, नेपाल भारत सम्बन्धका विविध पक्षलगायत महत्त्वपूर्ण विषयमा सुब्बा जैसिले पाल्पामा रहेका अख्तियारवाला भारदार मार्फत् केन्द्रमा जानकारी गराएर प्राप्त निर्देशानुसार काम गर्नुपर्दथ्यो । यस दृष्टिबाट सुब्बाको हैसियत सामान्य जस्तो देखिन्छ । जे होस् आफ्नै भाइ-भैयादमात्रको संलग्नता रहेको जहानीयाँ राणा शासनमा गैर राणालाई दिइने 'सुब्बा' पद ठूलै मानिन्छ । त्यस्तै सरकारको काम गर्दा कसैले उजुर गरेका खण्डमा एकोहोरो कुरामात्र नसुनी सुब्बालाई पनि आफ्नो कुरा राख्न दिने जुन व्यवस्था गरिएको थियो सो भने सराहनीय देखिन्छ । समग्रमा राणाकालको थालनीमा सुब्बालाई दिइएको यो अधिकार राणाकालको अन्त्यमा आइपुग्दा तुलनामा निकै बढी थियो । यसरी राणाकालको थालनीदेखि अन्त्यसम्म 'सुब्बा' पदको गरिमाका बारेमा भने अझ विस्तृत अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# परिशिष्ट

सुब्बा लक्ष्मीपति जैसिलाई अरानदि पूर्व श्रीकृष्ण गण्डकी पश्चिम पाल्पा जिल्ला बुटवल प्रगन्नान विनायकपुरमध्ये खजहनी, माझखण्डका तप्पासमेत तप्पा नवलपुर, मह्‍याक जगात, जिल्ला पाल्ही प्रगन्ना विनायकपुर, स्युपुरमध्ये प्रगन्ना तेलपुर, जिल्ला प्यूठानअन्तर्गत स्युराजसमेतका मधेसपहाड्को सम्वत् १९०७ सालको रकमका मितिदेखि रकमरकमका मितिसम्म वर्ष १ अमानत असुल तहसिल गर्न वि.सं. १९०७ साल फागुन ९ रोज् ३ मा दिइएको पत्र



१८०६ हलातमा रो तिहन नाई मयाको थिति थामी रीतला मयाका थितिमंदा ग्र थीलो चोथरी कानुगोय गोहकसेलाद यतिगर्न नदिन तिमितेयतिनगर्न येल तयतिलमा केहिलियत नगयाको श्रीयतर्वा कोवैलालग्रन्या कोरायरिआयेम न्या ला नातिना कार तिमिले आगिर्गन तिमिलेश्रारननलक्याकोकरायां न्यामा हन्या अयतिया मालदा मार्फत हा मोछि डलाश्रीयकउनजवाय गयाबमाजीमगर्न —— ७

नाहा फेनदार आमीन हनते यनयश्चाल अन्यायगरि मनोमिला ति नहीन सैरगलाकुरीति रैकमसा काकोधादफिमाद आमामन्या यंवमनामानीलु रावीरयाजोति वीहोलेकी नलोकातलेनीलाक्यालीन गराछीनि दीन नालेनाहो मया वमोजीमु डिजिताउनि यर्दाचाति का लालमोहोर वमोजीम रीतिवर्मीयराषी डिडजिताउनि गर्न वढनाला रै वर्तोत्तमन वारिगोवर्ध कलजगरमा को लावीत मयो मन्याती न कोकायलनामलिवाइ यालया मो हन्या अयतिया मालहा मार्फत हामीछि ड लाथियाउने जवाफ गयाबमोजीम गर्न करोआन डि कुं ड का आम्दानीको छि टेष्टा —— ८

मोगलानीमा रीयत हलेका हाम्रा रैयितहरुका आफूहमा तिनहीनकाथ रमा मगामायाम न्या निश्चाकोकवहरी माम मांकोदी न्या वुकीकवह रीवाट मनमोलिमनूपुर्य न्यामीन फेजदार वाटलेपाउनु जनमनिश्चा लाइलेवनुपर्द तिमितलेवन विनाकवहरिका न्यनलेमीत रैयतले माग लानीमा रीयत लाइयकाला यक्रिन्याउला तेसरै यतलाइ कवहरी वाटहेड गरि मगलानीमा रैयतलाई छोडाइदीन हाम्रा रैयत हन्ते मराये तिमीले यस मयुकोछन्न मातनासा दरैन अयवा यति गाइ मैसी गाईवयल लेगायामना कवहरीमाको हीनाली गर्न आयोमन्या फेजदार वाटविला रलेपाइला नाहालाइदिन मति हलालेनी वनुपमोमन्या तिमिलेनु रीतिल थीयकउनु निश्चावि छिल यतिमयन मन्या पालयामा हन्या श्रयतिया हमालहाग्रछि ड सामिजवाफ गयाबमोजीम गर्न —— ९

सरहदमा गलानाका सैनर्द कनविर्ता दिसी मलामानी ला नो हलाकमे दयाद्कु दा आफना मुलिताजीले दियाकोनजानमानालरलेनानि मेदूयोत्तलीनु अकोलाई कलाइ कमेलीलत नलीनु कोही गरा कामु द्धामा आउन्यो हवले दियाको नजानानो मैद्रु मादु मयांहाल्योलाइ जित न्याजितन्यालाई हाल्योग रीकदा विननलीनु तेसिगाकि कोवेसीतनलीयला कोरह सोन न्यां तिमि लाइगीवानोला —— १०

निश्चा निश्चा यगलां वोते मोतेमा सद मुनलिफलेमोकायलकामु नलिक ले कित्ताकीना नामाली मार्दली मांको वेरगारीलानुनलाउनु धुलाल वनाइ फेजदार चोथरी डीकदारलेनगाउमां कामयमालीनीले ईडागर्न गामीमा कोरानु दान्या वाषलीनलाउनु मुल माइगालीरीयां कामथा डियलां —— ११

रैतिनिन थीतिकालान मोहोर वमोजिमका किसमयेया अनुलनहलिल गर्द कोलेलकिल्लामान मयेयायमाउ ननसक्या किल्ला बिला फि फिद्ये या कादले लिन किलविलाफि मतकाआम्दानीकोम्यानु देलकाउनु तिमिलेयति मतुकवाटकिल्लामा मयेयाश्रमुलनहलिल गर्द युसाउनु सकेनो मन्या कोलकीलाकी को मेयेया काढले गर्न यल —— १२

किल्ला किल्लाका मालवगा मयेया अनुलनहलिल गर्द मे न्हामेन्हा का किल्ला मा फेजदार मार्फत हसवल अमुर्नत हलिल गराइ नेताला वानादाषिल गर्न्या हथियार नजेगाइ दातलाइ मनमयाको स्नित फोटले श्रीयकउनु दाखि लमया आको येया कोरलि दमे आउला किल्लामा मयेया डउँ डन्या फेज

[illegible] १३

[illegible] १४

[illegible] १५

[illegible] १६

[illegible]

[illegible] १८

[illegible] १९

[illegible] २०

[illegible] २१

[illegible] २२

तपसिल

[illegible] १८००

[illegible] १२० ॥

सेनाउदवलकेगोरखपुरि१२गांडीपेलान ——— २२९।.
कौंभवाल १ के ——— ३०० | वहिदा २के १५०
श्रीदेवदेवताकापुजाके ——— २१॥ | धांपतीमाया
दर्वा(कादलेके ——— २५ | नीजवाउनाके ४४॥.
महणकालरनाके ——— २५ | कवहा(कोविछ
नहवीलदा १के ——— ५० | उनाकागजमलि
नवाकोदूकापूजाहाजीके ६३ | तेलमेन ——— ५०
| पोवालिवेलगाके ५०

देकहिकेगोरखपुरि१२गांडीन ——— ३३४॥
डिहा १के ——— २०० | वहिदा १के ७५
श्रीदेवदेवताकापुजाके ——— ८॥ | नहविलदा१के ४४
कागजमलिवलोतेलके ——— १०

म्हाजके मोहा(आयाकापीआधामान ——— ५२०
फोजदा ——— १के ——— १५० | वहिदा २के १५०
श्रीदेवदेवताकापुजाके ——— ३० | कागजमलिवलोके ३०
नहवीलदा ——— १के ——— ६० |

नवलपाकेमोहोर ——— १४०
फोजदा(वहिदाके ——— १२० | अनमापनीमललेदके ——— १०

महाकरनाननकोकामदाकिकानापेलान ——— १४०
पालोकेलिवान ——— ५५१॥
फोजदा ——— १के ——— २६० | नहवीलदाके ४०
श्रीदेवदेवताकेपुजाके ——— ८४ | वहिदा १के ७५
नदमपुजावनाकाली | कागजमलितेल
धाके ——— २० | विछउनाके ३२
कामनपुजा१वहालीपुजा | वनाकावेधाी २०
दमान ——— ७ | म्हपुगाणकादे
| दीके ——— १२॥

वजहतिकेरिकाविन्पेपाल्मा ——— ६१५॥.
फोजदा १के ——— ३०० | नहवीलदा १के ६०
वहिदा २के ——— १५० | कागजमलीवलो
छापनपुजाके ——— ३ | तेलनाछाउनाके ३०
श्रीदेवदेवताकेपुजाके ——— ३२॥.
पायलमहतो ——— २के ——— ४०

मारुवीडके मोहर ——— ४५५
फोजदा ——— १के ——— २५० | महविलदा १के ६०
वहिदा ——— १के ——— ७५ | श्रीदेवदेवताकापुजाके ३०
कागजमलिविछउनातेलोका ३० | श्रीरूपनदेवीके ——— ५
श्रीमलमलादेवीके ——— ५

कुलवलका गुजवा लिखा के फर्वा दीन ——— २५०
गााााााााहला मामोहाजात वेपारि गनत्रा
उम्मार चोखुवा गोरके मतलदमम्मामोहर ——— ३००
श्रीवत्स मर्जद कैमातिकै कालापेलान ——— १९६०

जादा ——— ४ के ——— ८२०
हवलदा ——— ८ के ——— ५६०
पिपाजमादा ——— १ के ——— ५०
कामा ——— २ के ——— ९०
गाला ——— २ के ——— ९०

सिकमि ——— १ के ——— ४०
को लाभेगाश्रगा ——— ३ के ——— ३७५
आद्दा ——— ८ के ——— ५२०
पिया ——— १६ के ——— ६४०
वाजुरी ——— २ के ——— ७०
माफी ——— २ के ——— ८०
सिलात्र १ के ——— २०
नालान ——— २ के ——— १२५
सिपाही ——— ८५ के ——— ४२५०
साकि ——— २ के ——— ८०
नवल ——— १ के ——— ५०
मेता ——— २ के ——— ९०

तौजि

गोरषपुरि परगोडा कैषा ——— १११३॥।
सिकापी कैषा ——— ८७५॥
मोहार ——— १६०५
कालापेलान ——— ८१००
फर्वा धारीन ——— १६००
सिका कैषा ——— ५५१॥

१३८४५॥।

इति श्री तिलदा

# ABOUT THE AUTHORS


| | | |
|---|---|---|
| Prakash Darnal | - | Chief Archaeological officer,<br>Ministry of Culture, Tourism & Civil Aviation |
| Loknath Dulal | - | Lecture, Culture Department<br>Padma Kanya Multiple College |
| Dr. Bhabeshwor Pangeni | - | History Department<br>Tribhuvan University, Kirtipur |